नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA
शुक्रबार, मंसिर २९, २०७४ | Friday, December 15, 2017 | www.newsofnepal.com | नेसं ११३८ थिंल्लागा १३ | वर्ष २३, अंक ३३० | पृष्ठ १२ | मूल्य रू. १०/–





# मिलेमतोमा करोडौं घाटा

दीपक रिजाल, काठमाडौं

सशस्त्र प्रहरी बलले साउथ सुडानका लागि खरिद गर्ने भनिएको ९ वटा एपीसी खरिद प्रकरणमा ठेकेदार कम्पनी र सो बलका केही अधिकृतको मिलेमतोका कारण संगठनलाई करोडौं रुपियाँ घाटा पर्ने अवस्था सृजना भएको छ।

सशस्त्र प्रहरी बलले साउथ सुडान मिसनका लागि २०७१ पुस ११ गते ग्लोबल टेन्डर आह्वान गरेको थियो। एपीसी खरिदका लागि



## एपीसी खरिद प्रकरण

हङकङको ट्रेडवेल ट्रेडर्स कम्पनीका तर्फबाट नेपालका एजेन्ट राजमान मिश्रले ठेक्का पारेका थिए। सो बलले पूर्वसम्झौताअनुरूप मिश्रलाई तत्काल एपीसी खरिदका लागि एलसी खोल्न आग्रह गर्दा उनको कम्पनी साउथ सुडानका लागि प्रतिबन्धित भएको पाइएपछि ठेक्का सम्झौता रद्द गर्न खोजेको थियो।

आफ्नो कम्पनीले पारेको ठेक्का रद्द नगर्न आग्रह गर्दै नेपालस्थित एजेन्ट मिश्रले एपीसी निमार्ण गर्ने म्यानुफ्याक्चर कम्पनीसँग सामान सीधै सप्लाइ गर्ने भन्दै तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त, तत्कालीन डीआईजी पुष्पराम केसी, सो बलका कानुन शाखाका सशस्त्र प्रहरी नायब उपरीक्षक युवराज अर्याल र अर्का डीएसपी होम ज्ञवालीले समेत टेन्डर पारेको कम्पनीबाट एपीसी लिन नसकिए म्यानुफ्याक्चर कम्पनीसँग सामान सीधै लिने भन्दै लबिङ गरेका थिए।

**सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले ठेकेदारविरुद्ध मुद्दामा जाने निर्णय गरेपश्चात् गत कात्तिक २१ गते मुद्दा दायर गरेपछि सर्वोच्च अदालतले यही मंसिर १४ गते उच्च अदालत पाटनले गरेको फैसलाको सक्कलै फाइल झिकाउने निर्णय गरेको सशस्त्र प्रहरी बलका प्रवक्ता डीआईजी बाबुराम पाण्डेले जानकारी दिनुभयो।**

३० करोड मूल्य बराबरको उक्त एपीसी खरिद गर्दा झन्डै ५ करोड कमिसन आउने भएपछि उनीहरूले सामान सप्लाइ गर्न करार गरेको कम्पनीले सामान दिन नसके पनि म्यानुफ्याक्चरिङ कम्पनीबाट खरिद गर्न वन्तसहितको टोलीले पहल गरेपछि उक्त निर्णय विवादित बन्न पुगेको थियो। सुडान जानुपर्ने सशस्त्रको मिसन एपीसी नभएपछि मिसन गुम्ने अवस्थामा पुगेको थियो। मिसन नै गुम्ने अवस्थामा पुगेको सशस्त्र प्रहरी बलले पश्चिम अफ्रिकी मुलुक लाइबेरियाबाट नेपाल ल्याउने तयारी गरेको एपीसी सीधै साउथ सुडान पुऱ्याउने बन्दोबस्त गरेपछि संयुक्त राष्ट्रसंघले इबोलाको महामारीमा परेको लाइबेरियाबाट ल्याइएको उक्त एपीसी पठाउन आनाकानी गरेको थियो।

ठेकेदारका कारण मिसन नै गुम्ने अवस्थामा पुगेपछि सशस्त्र प्रहरी बलले म्यानुफ्याक्चरिङ कम्पनीसँग एपीसी खरिद गर्न मिल्छ कि मिल्दैन भन्दै गृह मन्त्रालयलाई पत्राचार गरेपछि मन्त्रालयले कानुनबमोजिम गर्न निर्देशन दिएको थियो। सशस्त्रले फेरि सार्वजनिक खरिद एकाइ कार्यालयलाई पत्राचार गरेर सो कार्यालयले करारबमोजिम काम गर्न सशस्त्र प्रहरी बललाई निर्देशन दिएपछि २०७२ साउन २८ गते सो बलले ठेकेदार मिश्रसँग भएको ठेक्का भंग गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## बल्ल गऱ्यो भारतले चुनावको स्वागत

काठमाडौं, (नेस)

विगतका चुनावी नतिजा पूर्णरूपमा सार्वजनिक हुन नपाउँदै निर्वाचनको स्वागत गर्ने भारतले यसपटक केही दिन ढिलो मात्रै चुनावको स्वागत गरेको छ।

प्रतिनिधिसभाका सबै स्थानको निर्वाचन परिणाम सार्वजनिक भएको एक दिनपछि बिहीबार मात्र भारतले नेपाली चुनावबारे आफ्नो धारणा सार्वजनिक गरेको हो। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको स्वागत गर्दै भारतले नयाँ सरकारसँग काम गर्न सरकार आतुर रहेको जनाएको छ।

बिहीबार भारतीय विदेश मन्त्रालयमा आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा बोल्दै सो मन्त्रालयका प्रवक्ता रवीश कुमारले दुवै तहका निर्वाचन र नयाँ सरकारका लागि भारतले बधाई दिएको बताउनुभयो। 'नेपालमा शान्ति, स्थिरता र आर्थिक समृद्धि होस् भन्ने भारतीय चाहना छ, लोकतान्त्रिक प्रक्रियाबाट आउने नयाँ सरकारसँग मिलेर काम गर्न भारत आतुर छ।' -उहाँले भन्नुभयो।

दुवै मुलुकको वर्षौं पुरानो घनिष्ठ सम्बन्ध रहेको स्मरण गर्दै रवीश कुमारले नेपालको आर्थिक समृद्धि र नेपाल-भारत सम्बन्धका सबै पक्षमा सहयोग गर्न भारत तयार रहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)






# पार्टी परिवर्तन गर्ने उम्मेदवारको कन्तबिजोग

सञ्जय कार्की, रौतहट

निर्वाचनको दिन पार्टी परिवर्तन गरेर उम्मेदवार बनेकाहरू रौतहटमा नराम्रोसँग पराजित भएका छन्। पराजित हुनेमा मधेसवादी दलबाट उम्मेदवार बन्नेहरू रहेका छन्। रौतहटको क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेस परित्याग गरी राजपा नेपालबाट ओमप्रकाश जयसवाल र क्षेत्र नम्बर ४ बाट कन्थमणिप्रसाद कलवारले उम्मेदवारी दर्ता गर्ने दिन कात्तिक १६ गते टिकट पाएपछि उनीहरू चुनावी मैदानमा उत्रेका थिए।

यस्तै नयाँ शक्ति पार्टीका किरणकुमार साहले क्षेत्र नम्बर २ मा संघीय समाजवादी फोरम नेपालबाट उम्मेदवारी दर्ता गराएका हुन्। क्षेत्र नम्बर १ मा संघीय समाजवादी फोरम नेपालका बबन सिंहले स्वतन्त्ररूपमा उम्मेदवारी दिए पनि उनीसमेत पराजित भएका छन्। प्रतिनिधिसभामा तीनै जनाको उम्मेदवारी



रहे पनि उनीहरूले यसपटकको निर्वाचनमा नराम्रोसँग पराजय व्यहोर्नुपरेको छ।

क्षेत्र नम्बर ४ का कन्थमणिप्रसाद कलवारले ७ हजार ८ सय ८१, क्षेत्र नम्बर ३ का ओमप्रकाश जयसवाल १४ हजार ६ सय ५८, क्षेत्र नम्बर २ का किरणकुमार साह १६ हजार ८ सय ६५ क्षेत्र नम्बर १ मा बबन सिंहले १ हजार ६ सय ६९ मत प्राप्त गरीका हुन्। प्रतिनिधिसभाको निर्वाचनमा भाग लिएका चार जनामध्ये तीन जनाको श्रीमती नै स्थानीयतहको निर्वाचनमा भाग लिएका थिए एक जना विजयी भए पनि २ जना पराजित भएका थिए। एक जना स्वयं स्थानीय तहको निर्वाचनमा भाग लिएर पराजय भोगेका हुन्।

क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार किरण साहको श्रीमती शर्मिला कोइराला स्थानीय तहको निर्वाचनमा राजपुर नगरपालिकाको उपप्रमुख पदमा २ हजार २ सय ५ मत प्राप्त गरी पराजित भएकी थिइन्। यस्तै क्षेत्र नम्बर ३ का ओमप्रकाश जयसवालको छोरा अजय प्रकाश जयसवालले कटहरिया नगरपालिकाको प्रमुखमा ३ हजार ६ सय १२ मत प्राप्त गरी पराजय भोगेका हुन् भने क्षेत्र नम्बर ४ का कन्थमणिप्रसाद जैयसवाल स्वयं गरुडा नगरपालिकाको प्रमुख पदमा १ हजार ३ सय ५९ मत प्राप्त गरे पनि पराजय भोगेका हुन्। क्षेत्र नम्बर १ का बबन सिंहका श्रीमती राजदेवी नगरपालिकाको प्रमुख पदमा ३ हजार ८ सय ५७ मतका साथ विजयी भएकी हुन्। यसैबीच रौतहटमा १ हजा ९८ जना उम्मेदवारको जमानत जफत भएको छ।

## प्रदेशसभामा १३ हजार ३ सय मत बदर

गणेश घिमिरे, इलाम

इलाममा समानुपातिकतर्फको मतगणना बिहीबार बिहान सम्पन्न भएको छ। मतगणनामा नेकपा एमालेले जम्मा प्रतिनिधिसभातर्फ ६१ हजार ९ सय २८ मत प्राप्त गर्दै इलाममा समानुपातिकतर्फ पनि पहिलो दल बनेको छ। एमालेले कांग्रेस भन्दा १९ हजार ५ सय ३६ मत बढी ल्याएको हो। कांग्रेसले जम्मा ४२ हजार ३ सय ९२ मत ल्याएको छ। यस्तै समानुपातिकतर्फ इलाममा तेस्रो दल बनेको नेकपा माओवादी केन्द्रले ७ हजार २ सय २६ मत प्राप्त गरेको छ।

दुई वटा निर्वाचन क्षेत्र रहेको इलाममा समानुपातिकतर्फ जम्मा १ लाख ३४ हजार २ सय २७ मत खसेको थियो। त्यसमा १ लाख २६ हजार ४ सय ४९ मत सदर भएको थियो। सदर भएको मतगणनाको क्रममा इलाममा समानुपातिकतर्फ प्रतिनिधिसभामा एमाले पहिलो, कांग्रेस दोस्रो र नेकपा माओवादी केन्द्र तेस्रो स्थानमा रहेको हो। प्रत्यक्षतर्फ निर्वाचनमा पनि जिल्लामा वाम गठबन्धनले क्लिन स्विप गर्दै पहिलो स्थान हासिल गरेको थियो। यसै गरी समानुपातिकको प्रदेशसभातर्फ पनि एमाले पहिलो भएको छ। क्षेत्र नम्बर १ को 'क' र 'ख' तथा क्षेत्र नम्बर २ को 'क' र 'ख' प्रदेशसभातर्फ समानुपातिकमा जम्मा १ लाख ३४ हजार २ सय २७ मत खसेको थियो। जसमा १ लाख २० हजार ८ सय ५९ मत सदर भएको थियो। सदर मतमध्ये एमालेले प्रदेशसभामा सबैभन्दा बढी ५७ हजार ६ सय ६५, दोस्रो स्थानमा रहेको कांग्रेसको ३९ हजार ८ सय ७५ र तेस्रो स्थानमा रहेको नेकपा माओवादी केन्द्रले ८ हजार ६ सय ९२ मत पाएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ जम्मा ८ हजार ६६ र प्रदेशसभातर्फ जम्मा १३ हजार ३ सय ६८ मत बदर भएको छ। यसै क्रममा समानुपातिकतर्फको अन्तिम मतगणनाअनुसार संघीय समाजवादी फोरम नेपाल जिल्लामा चौथो दल बन्दै प्रतिनिधिसभामा ३ हजार ३ सय ५७ र प्रदेशसभामा ३ हजार ३ सय ४० मत प्राप्त गरेको छ। प्रतिनिधिसभातर्फ नै अरुणपूर्व लिम्बुवान राज्य हुनुपर्ने माग राख्दै आएको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च पाँचौं पार्टी भएको छ। उसले प्रतिनिधिसभातर्फ २ हजार ३ सय ७२ र प्रदेशसभातर्फ २ हजार ८ सय २६ मत पाएको छ। समानुपातिकतर्फको गणना सकिएर नतिजा सार्वजनिक भएसँगै जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको सबै प्रक्रिया सकिएको मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद सुवेदीले बताए। सुवेदीले निर्वाचन सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवादसमेत दिएका छन्।

## १९ उम्मेदवारको जमानत जफत

नवराज पहाडी, लमजुङ

लमजुङमा १९ जना उम्मेदवारको जमानत जफत भएको छ। प्रदेशसभा र प्रतिनिधिसभा दुवैतर्फको सदस्यका लागि लमजुङ जिल्लाबाट विभिन्न दल र स्वतन्त्र उम्मेदवार बनेका १९ जना उम्मेदवारको कुल १ लाख ५० हजार रुपियाँ जमानत जफत भएको हो। प्रतिनिधिसभा सदस्यका प्रत्यासी जमानत जफत भएका ११ जनाको १० हजार रुपियाँका दरले १ लाख १० हजार तथा प्रदेशसभा सदस्यमा ८ जनाको ५ हजार रुपियाँका दरले ४० हजार रुपियाँसमेत गरी कुल १ लाख ५० हजार रुपियाँ जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

लमजुङ जिल्लामा विभिन्न दल र स्वतन्त्र गरी कुल २५ जनाले उम्मेदवारी दिएका थिए। तीमध्ये १९ जना उम्मेदवारको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसीप्रसाद तिमिल्सिनाले बताउनुभयो। उहाँका अनुसार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐन-२०७४ अनुसारको मत ल्याउन नसक्दा जमानत जफत भएको हो।

उक्त निर्वाचनमा वाम गठबन्धनका तीन जना विजयी हुनुभएको छ भने उहाँहरूका निकटत्तम प्रतिद्वन्द्वी लोकतान्त्रिक गठबन्धनतर्फका कांग्रेस उम्मेदवार तीन जनाको जमानत जोगिएको छ। जमानत फिर्ता गर्नेहरूमा प्रतिनिधिसभातर्फ दिलबहादुर घर्ती र प्रदेशसभामा 'क' क्षेत्रबाट गर्जबहादुर गुरुङ र प्रदेशसभा 'ख' बाट कृष्णप्रसाद कोइरालाको जमानत जोगिएको छ। प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा-७१ को उपदफा-१ मा निर्वाचनमा जम्मा सदर मतको १० प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था रहेको छ।

उक्त ऐनले तोकेको मापदण्डअनुसार प्रतिनिधिसभा सदस्यतर्फ १० दल र एक स्वतन्त्रसहित ११ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। सो कार्यालयका अनुसार प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र 'क' बाट ६ दल तथा प्रदेशसभा सदस्य 'ख' बाट ७ राजनीतिक दल र एक स्वतन्त्रसहित ८ जनाको जमानत जफत हुन गएको छ।

जमानत जफत हुनेमा प्रतिनिधिसभातर्फ संघीय समाजवादी फोरमका खेमजंग गुरुङ, नयाँ शक्तिका देवेन्द्र पराजुली, विवेकशील साझा पार्टीका निर्देश सिलवाल, देशभक्त समाजका मेत्तर गुरुङ, राष्ट्रिय जनमुक्ति पार्टीका यमबहादुर थापामगर, देशभक्त जनगणतान्त्रिकका सुरेशचन्द्र न्यौपाने, मंगोल नेसनल अर्गनाइजेसनका सोमबहादुर गुरुङ र स्वतन्त्र उम्मेदवार द्वारिकाप्रसाद मिश्रको जमानत जफत भएको हो। यसै गरी, मतदानको अघिल्लो दिनमात्र आफ्नो दल माओवादी केन्द्रमा विलय गरी उम्मेवारी फिर्ता लिएको घोषणा गर्ने जनसमाजवादीका निराजन कुँवरको पनि जमानत जफत हुन गएको छ।

यसै गरी, प्रदेशसभा 'क' तर्फ संघीय समाजवादी फोरमका इन्द्रबहादुर गुरुङ, विवेकशील सझा पार्टीका तल्सीराम गुरुङ, नयाँ शक्तिका राजु थापाको जमानत जफत भएको छ भने उम्मेदवारी हाप्ने जनसमाजवादी पार्टीका बुद्धिमान परियारको पनि जमानत जफत हुन गएको छ। त्यस्तै, प्रदेशसभा निर्वाचन क्षेत्र 'ख' मा विवेकशील साझा पार्टीका मुनिन्द्र थापा, संघीय समाजवादी फोरमका सुरेशकुमार गुरुङ, नयाँ शक्तिका सरोजकुमार दनाई, अमूल परिवर्तन मसिहा पार्टीका नन्दजंग गुरुङ र स्वतन्त्रका उत्तम गुरुङले जमानत जफत भएको छ। त्यसै गरी, मतदानको अघिल्लो दिनमा मात्र उम्मेदवारी हाप्ने जनसमाजवादीका हर्के सार्कीको पनि जमानत जफत हुन गएको हो।

## वाम गठबन्धन समानुपातिकतर्फ पनि पहिलो

कविराज नेपाल, पाल्पा

प्रतिनिधिसभा र प्रदेशसभाका ६ वटै सिट आफ्नो पोल्टामा पार्न सफल वाम गठबन्धनेको समानुपातिकतर्फ पनि पहिलो भएको छ। मतपरिणाम हेर्दा वाम गठबन्धन मध्येको

एक दल नेकपा एमाले समानुपातिकमा पनि पहिलो भएको छ। एमालेले निकटम प्रतिद्वन्द्वी नेपाली कांग्रेसभन्दा झण्डै ११ हजार बढी मत प्राप्त गरेको हो। त्यस्तै माओवादी केन्द्रलाई समानुपातिकमा तेस्रो स्थान प्राप्त भएको छ।

मतगणनाको नतिजाअनुसार एमालेले ५७ हजार १ सय ९ मत प्राप्त गरेको छ भने कांग्रेसले ४६ हजार ३६ मत प्राप्त गरेको छ। यस्तै नेकपा माओवादी केन्द्रले ८ हजार ३० मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत शंकरराज बरालले बताए।

पाल्पा क्षेत्र नम्बर १ मा एमालेले ३० हजार ११४ मत ल्याएको छ कांग्रेसले २२ हजार ९ सय ४५ र माओवादी केन्द्रले १ हजार ९ सय ४९ मत प्राप्त गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले ५१, संघीय समाजवादी फोरमले ६३, राष्ट्रिय जनमोर्चाले २ सय १७, राष्ट्रिय जनमुक्ति पार्टीले १२३, नेपाली जनता दलले १ सय ७, नयाँ शक्ति पार्टी नेपालले ४१, मंगोल नेसनल अर्गनाइजेसनले ९ सय २२, विवेकशील साझा पार्टीले ४ सय ९५ मत प्राप्त गरेका छन्। क्षेत्र नम्बर १ को प्रदेशसभा 'क' मा नेकपा एमालेले १६ हजार ५ सय ९७, कांग्रेसले १२ हजार ६ सय २२, नेकपा माओवादी केन्द्रले ६ सय ८४ मत प्राप्त गरेका छन्। राष्ट्रिय जनमोर्चाले १ सय ९१, राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकले ५४, मंगोल नेसनल अर्गनाइजेसनले ७६, विवेकशील साझा पार्टीले १ सय ८६ मत प्राप्त गरेका छन्। प्रदेशसभा 'ख' मा एमालेले १२ हजार ८ सय ८७, नेपाली कांग्रेसले ९ हजार ६ सय ५३, माओवादी केन्द्रले १ हजार २ सय ३४ मत प्राप्त गरेका छन्। यस्तै मंगोल नेसनल अर्गनाइजेसनले ८ सय ६३, विवेकशील साझा पार्टीले १ सय ६६, राष्ट्रिय जनमोर्चाले ५८, राष्ट्रिय प्रजातन्त्र पार्टीले १५, राप्रपा प्रजातान्त्रिकले १७, संघीय समाजवादी फोरमले ६७, नयाँ शक्ति पार्टी नेपालले १७ मत प्राप्त गरेका छन्।

क्षेत्र नम्बर १ मा समानुपातिकतर्फ ५९ हजार ४ सय ७ मत खसेको थियो भने त्यसमध्ये १ हजार ६ सय ५६ मत बदर भएको सहायक निर्वाचन अधिकृत रामचन्द्र अर्यालले जानकारी दिए। क्षेत्र नम्बर २ मा नेकपा एमालेले २६ हजार ९ सय ९५, नेपाली कांग्रेसले २३ हजार ९१ र माओवादी केन्द्रले ६ हजार ८१ मत प्राप्त गरेका छन्। विवेकशील साझा पार्टीले १ हजार ४ सय १८, मंगोल नेसनल अर्गनाइजेसनले ८ सय ८३, राष्ट्रिय जनमुक्ति पार्टीले ८ सय ३५, राष्ट्रिय जनमोर्चाले ५ सय १७, राप्रपाले १ सय ३८, राप्रपा प्रजातान्त्रिकले १ सय ८३ मत प्राप्त गरेका छन्। क्षेत्र नम्बर २ प्रदेशसभा 'क' मा नेकपा एमालेले १४ हजार ९ सय ७३, नेपाली कांग्रेसले १२ हजार ४ सय ५६, नेकपा माओवादी केन्द्रले १ हजार ८ सय ८९ मत प्राप्त गरेका छन्। विवेकशील साझा पार्टीले ७ सय ९५, मंगोल नेसनल अर्गनाइजेसनले ७ सय ६१, राप्रपाले १ सय २, राप्रपा प्रजातान्त्रिकले ५५, राष्ट्रिय जनमोर्चाले १ सय ६९, राष्ट्रिय जनमुक्ति पार्टीले ५ सय ९०, नयाँ शक्ति पार्टी नेपालले ६२ मत प्राप्त गरेका छन्। क्षेत्र नम्बर २ प्रदेशसभा 'ख' मा एमालेले १० हजार ६ सय ४८, कांग्रेसले १० हजार १ सय ४७, माओवादी केन्द्रले ५ हजार ९६ मत प्राप्त गरेका छन्।

यस्तै, राष्ट्रिय जनमोर्चाले ३ सय ७१, राष्ट्रिय जनमुक्ति पार्टीले २ सय ४३, विवेकशील साझा पार्टीले १ सय ६३, मंगोल नेसनल अर्गनाइजेसनले १ सय २८, राप्रपाले २८, राप्रपा प्रजातान्त्रिकले १ सय १ मत प्राप्त गरेका छन्। यसअघि सार्वजनिक भएको प्रतिनिधिसभा एमालेका दलबहादुर राना र सोमप्रसाद पाण्डे तथा र प्रदेशसभातर्फ वाम गठबन्धनबाट क्षेत्र नं. १ 'क' मा एमालेका युवराज खनाल, 'ख' मा एमालेकै नारायण आचार्य तथा क्षेत्र नं. २ 'क' मा डा. पुरन व्रजाचार्य र 'ख' मा माओवादी केन्द्रका तुलाराम घर्ती 'वसन्त' निर्वाचित भएका थिए। विजयी उम्मेदवारहरूले अहिलेसम्म पनि विभिन्न ग्रामीण क्षेत्रमा गई विजय उत्सव मनाइरहेका छन्।



# फिल्मकर्मी र सञ्चारकर्मी सम्मानित





फिल्मकर्मी र सञ्चारकर्मीलाई सम्मान गरिएको छ। ड्रिम वर्ल्ड अफ फिल्ममेकर्सले बुधबार राजधानीमा आयोजित एक कार्यक्रमबीच फिल्मकर्मी र सञ्चारकर्मीलाई सम्मान गरेको हो।

सो अवसरमा फिल्म निर्देशक, लेखक तथा फिल्म अध्यापक लक्ष्मीनाथ शर्मालाई ४ दशकदेखि फिल्म क्षेत्रमा योगदान पुऱ्याएबापत १५ हजार रुपियाँ नगदसहित *श्याम-सुनीता विशिष्ट चलचित्रकर्मी पुरस्कार* प्रदान गरियो। २०२९ सालमा गाईजात्रा डकुमेन्ट्रीको पटकथा लेखनमार्फत फिल्मी क्षेत्रमा प्रवेश गरेका शर्माले *बदलिँदो आकाश*बाट फिल्म निर्देशन यात्रा शुरू गरेका थिए। भारतको पुना पुगेर फिल्म पढेका शर्माले *शान्तिदीप, साथी, सारंगी, विद्रोही, मिलन, जित, छोरीबुहारी, वर-पीपल*लगायत दर्जनभन्दा बढी फिल्म निर्देशन तथा लेखन कार्य गरेका छन्। उनी फिल्म कलेजमा फिल्म विषयका अध्यापन पनि गर्दै आएका छन्।

त्यसै गरी शान्तिप्रियलाई १५ हजारसहित *वरिष्ठ चलचित्रकर्मी पुरस्कार* तथा फूलमान वललाई ११ हजार १ सय रुपियाँसहित *युवा चलचित्रकर्मी पुरस्कार* प्रदान गरियो। शान्तिप्रियलाई फिल्म पत्रकारिता र गीत लेखनमा पुऱ्याएको योगदानका लागि पुरस्कृत गरिएको हो भने फिल्म *सेलफोन*बाट निर्देशनमा हात हालेका पत्रकार वलले हाल फिचर फिल्म *नीरफूल* निर्देशन गरिरहेका छन्। उनका *महाभारतकी मैच्याङ* (कविता संग्रह) र *काजोल खातुन* (कथा संग्रह) पनि प्रकाशित छन्।

समारोहमा अभिनेतृ एवं निर्देशक दीपाश्री निरौला र फिल्मकर्मी विनोद पौडेललाई सम्मानित गरियो। कार्यक्रममा साहित्यकार तथा फिल्मकर्मी चेतन कार्कीले सम्मान र पुरस्कार प्रदान गरेका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि कार्कीले सम्मानको परम्पराले नेपाली फिल्म क्षेत्रलाई माथि उठाउने चर्चा गरे भने अभिनेतृहरू चैत्यदेवी, भुवन चन्द, वसुन्धरा भुसाल, साउन्ड इन्जिनियर प्रदीपकुमार उपाध्याय र फिल्मकर्मी मोहन निरौलालगायतले पुरस्कार र सम्मानबारे चर्चा गरे।

# बलिउड अभिनेता निरजको निधन



बलिउड फिल्म *रंगिला, सत्या, बादशाह, पुकार, बोल बच्चन, वेलकम ब्याक*जस्ता फिल्मका अभिनेता निरज वोराको बुधबार निधन भएको छ।

भारतको मुम्बईस्थित कृति केयर अस्पतालमा बुधबार बिहान ४ बजे उनले अन्तिम श्वास लिएका थिए। ४५ वर्षीय उनी १३ महिनादेखि कोमामा थिए। बलिउड अभिनेता परेश रावलले ट्विटरमार्फत उनको मृत्युको खबर दिएको भारतीय सञ्चारमाध्मले जनाएका छन्।

सन् २०१६ को अक्टुबरमा ब्रेन स्ट्रोक भएदेखि उनी अस्पतालमा बसेका थिए भने त्यस समयदेखि नै उनको स्वस्थ्य अवस्था अस्थिर थियो। उनी विशेष गरी हास्य अभिनयका लागि चिनिन्थे।

# विशेषता ब्राजिलको स्पर्धामा विजयी



बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता *लिटिल मिस क्विन इन्टरनेसनल* २०१७ मा नेपालका तर्फबाट सहभागी विशेषता बुढाथोकीले प्रतिस्पर्धामा *बेस्ट अफ द बेस्ट अवार्ड*सहित फस्ट रनर्सअपको उपाधि चुमेकी छिन्।

ब्राजिलको साउपाउलोस्थित होटेल नोभोटेल जारगुवा कन्भेन्सन सेन्टरमा सम्पन्न प्रतियोगितामा विशेषताले डिजाइनर उत्तम बनेपालीले तयार पारेको जीवित देवी कुमारीबाट अभिप्रेरित पोशाकले *बेस्ट ड्रेस विधा*को अवार्ड पनि जितेकी छिन्। *लिटिल मिस क्विन इन्टरनेसनल*को फाइनल स्पर्धामा नेपालका विशेषतासहित विश्वका ३१ राष्ट्रका *लिटिल मिस क्विन*को सहभागिता रहेको थियो। विशेषतालाई प्रतियोगितामा नेपालको आधिकारिक संस्था ई-प्लानेट प्रालिले पठाएको हो। यसअघि विशेषताले टर्कीको बोड्रममा सम्पन्न *लिटिल मिस एन्ड मास्टर वर्ल्ड युनिभर्स* २०१७ मा *लिटिल मिस प्लानेट* तथा *लिटिल मिस ट्यालेन्ट* विधाको अवार्ड जितेकी थिइन्। १० वर्षीया विशेषता बालुवाटारस्थित जोन डेवी स्कुलमा कक्षा ५ अध्ययनरत छात्रा हुन्।

विशेषता राजधानीमा मिडिया ल्यान्डले सञ्चालन गरेको आठौं संस्करणको *चाइल्ड आइकन नेपाल-२०१७* को विजेता हुन्। सो प्रतिस्पर्धामा उनले *ट्यालेन्ट, बेस्ट ड्रेस* र *फ्रेन्डसिप* विधाको अवार्ड पनि जितेकी थिइन्।







सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: PRABHU BANK

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई – वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी – गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की – जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती – निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल – शब्द
Type KFA space 3E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत – जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी – लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना – निर्भय
Type KFA space 4E & send to 32722

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला – बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा – वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल – जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया – पलाँस
Type KFA space 5E & send to 32722

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे – छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा – जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई – लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत – गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ – छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा – लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल – निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा – राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले – छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास – के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं – पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य – शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार – बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य – हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त – किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला – लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई – राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

तपाईंको आफ्नै हृदय नछुने कुनै
विषयमा लेखेर तपाईं कहिल्यै पनि अरु
मानिसको हृदय छुन सक्नुहुन्न।
- आए छिङ

तपाईं आफैं आफ्नो जीवन
बनाउन र बिगार्न सक्नुहुन्छ,
सोच्नुस् र गर्नुस्।
- अल्वा एडिसन

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# समृद्ध नेपालको आधारशिला

भर्खरै भएको प्रतिनिधिसभा एवम् प्रदेशसभाको निर्वाचनमा वाम गठबन्धनको बहुमत आएपछि अब भने स्थायी सरकार निर्माण हुने झीनो आशाको त्यान्द्रो पलाएको छ। यसले विगतमा राजनीतिक दल र तिनका नेताहरुबाट देखाइएको समृद्ध नेपालको सपना केही भए पनि पूरा हुन्छ कि भन्ने आशा पनि जगाएको छ। तर राजनीतिक दल र उम्मेदवारहरुले विनायोजना र हचुवामा गरेका प्रतिबद्धताहरु चमत्कार नै हुने गरी एकैपटक पूरा हुनेवाला भने छैनन्। बरु अब राज्यले कृषि विकासमा जोडतोडका साथ लाग्ने हो भने कृषि नै समृद्ध नेपालको बलियो आधारशिला बन्नेछ।

नेपाल कृषिप्रधान मुलुक हो। विगतमा खाद्यान्नको ठूलो परिमाण अन्य मुलुकमा निर्यात गरेको पनि हो। तर विडम्बना, अहिले बाहिरी मुलुकबाट खाद्यान्न आयात गर्नुपर्ने अवस्था आएको छ। तर अब बन्ने सरकारले आफ्नै मुलुकमा कृषिउपज बढाउन अल्पकालीन एवं दीर्घकालीन योजना बनाउनै पर्छ। सर्वप्रथम कृषिक्षेत्रको उन्नतिका लागि कृषकलाई आकर्षित गर्ने योजना अघि सार्नुपर्छ। यसका लागि राज्यले महँगो मूल्यमा कृषकले गरेका उत्पादन खरिद गर्ने नीति अवलम्बन गर्नुपर्छ। महँगो मूल्यमा कृषिउपज बिक्री गर्न पाउँदा कृषकहरु खेतीपातीमा अभिप्रेरित हुन्छन्। बहुसंख्यक जनसंख्या रहेको ग्रामीण इलाकाबाट नै कृषि विकासको थालनी हुनुपर्छ।

आधुनिक कृषि प्रणालीसम्बन्धी तालिम, कृषि औजार, बीउ, प्राविधिकको व्यवस्थापन गरी कृषिलाई व्यावसायिकरुपमा विकास गरिनुपर्छ। जब कृषिक्षेत्र व्यवसायीकरण हुन्छ, अलमलमा परेको कृषि श्रमशक्तिको बचत हुन्छ। उक्त श्रमशक्तिलाई स–साना घरेलु उद्योगमा आकर्षित गराउन राज्यले व्यवस्था मिलाउनुपर्छ। लाखौं जनशक्ति उत्पादनमूलक कार्यमा साल भए भने ग्रामीण क्षेत्रको आय वृद्धि हुन्छ। बिस्तारै श्रमिकको अवस्था सुध्रन पुग्छ। फलस्वरुप श्रमिक मालिक बन्ने क्रमको शुरुवात बन्दै जान्छ। तिनीहरुले स–साना कारखाना खोल्न थाल्छन्। बिस्तारै स–साना कारखानाका मालिक ठूला उद्योगपतिमा रुपान्तरण हुन पुग्छन्। यसरी औद्योगिकीकरणको जग घरेलु तथा साना उद्योगबाटै बसाल्न सकिन्छ।

जसरी शहरी क्षेत्रको खालि जग्गा एकीकरण गरी विकसित घडेरीका रुपमा जग्गाधनीलाई नै दिने नीति राज्यले अवलम्बन गरेको छ, त्यसरी नै गाउँ–गाउँका खेतीयोग्य जमिनलाई चक्लाबन्दी गरी किसानलाई नै दिने नीति अवलम्बन गर्नुपर्छ। अनि त्यहाँको माटो र हावापानी सुहाउँदो बालीनाली लगाउन किसानलाई आकर्षित गर्नुपर्छ। यसरी व्यावसायिकरुपले गरेको कृषि व्यवसायबाट उत्पादन वृद्धि हुन्छ। यसले गर्दा मुलुकलाई पुग्ने खाद्यान्न उत्पादन भई अन्य मुलुकमा समेत निर्यात बढ्छ र आर्थिक उपार्जन हुन्छ। ऐन, नियम, कानुनको कडा परिपालना, आर्थिक अनुशासन, जवाफदेहिता र सुशासन भए आर्थिक समृद्धि हासिल गर्न गाह्रो पर्दैन। खाली अब प्रमुख दल र तिनका नेताहरुले स्वार्थ त्यागेर सर्वप्रथम कृषिको विकासमा होमिनुपर्छ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# नेपालको व्यापार घाटाका कारक तत्वहरू



डा. सुमनकुमार रेग्मी

विशेष गरी खाद्यान्न तथा तरकारी, सवारीसाधन, पेट्रोलियम पदार्थ, विद्युतीय उपकरण, सुनचाँदी तथा लताकपडा, महँगा रक्सीहरुको आयात बढ्नाले व्यापार घाटा बढ्दै गएको हो। यस्तो व्यापार घाटालाई कम गराउन आन्तरिक उत्पादन बढाउनुपर्दछ। जुन वस्तुहरु नेपालका कच्चा पदार्थमा आधारित भएर अत्यधिक उत्पादन बढाउन सकिन्छ, त्यस्ता वस्तुहरुका उत्पादन बढाएर अर्थतन्त्रलाई सबल बनाउन सकिन्छ। यसको लागि कृषि, कृषिमा आधारित उद्योग, पूर्वाधार, पशुपालन, पर्यटन, कर्जा र मानव स्रोतसाधनमा जोड दिइनुपर्दछ।

कृषिप्रधान देश नेपालमा मासिक रु. ३ अर्ब जतिको अन्न आयात हुने गरेको देखिन्छ। धान, मकै, गहुँ, कोदो र फापर नेपालका मुख्य खाद्यान्न बाली हुन्। तर यिनै अन्नका आयात भने बर्सेनि बढिरहेको छ। छिमेकी देशहरु भारत, चीनलगायत अरु समुद्रपार देशहरुबाट नेपालमा खाद्यान्न आयात बर्सेनि बढ्दो छ। भारतबाट जुनेलो, फापर र कोदोसमेत नेपालमा आयात भएको देखिन्छ। जबकि यी वस्तुहरु नेपालमा बर्सेनि उत्पादन हुन्छन्। देशभित्र तुलनात्मक लाभका उत्पादनमा समेत परनिर्भरता हुनुपर्दा व्यापार घाटा चुलिँदै गएको छ। नेपालको कृषि उत्पादनको ठूलो बजार आयातीत कृषि उत्पादनले ओगटिरहेको छ। नेपालीहरु भूटानमा उत्पादित आलु खान्छन् भने भारतीय माछाले अझै पनि नेपालको माग ओगटेको छ। बर्सेनि तोरी, तिल र यसको तेल अर्बौं रुपियाँको आयात हुँदै आएको छ। नेपालमा तिलको आयात चीन, भारत र बंगलादेशबाट भएको छ भने तोरीको आयात युक्रेन, कोरिया, सिंगापुर, अस्ट्रेलिया, भारतलगायतका देशबाट हुने गरेको छ। नेपालमा यस्ता कृषि फसलहरु उत्पादन हुन्छन् तर बृहत्तररुपमा हुँदैनन्।

> देशभित्र तुलनात्मक लाभका उत्पादनमा समेत परनिर्भरता हुनुपर्दा व्यापार घाटा चुलिँदै गएको छ। नेपालको कृषि उत्पादनको ठूलो बजार आयातीत कृषि उत्पादनले ओगटिरहेको छ। नेपालीहरु भूटानमा उत्पादित आलु खान्छन् भने भारतीय माछाले अझै पनि नेपालको माग ओगटेको छ। बर्सेनि तोरी, तिल र यसको तेल अर्बौं रुपियाँको आयात हुँदै आएको छ।

नेपाल एकीकृत व्यापार रणनीति २०७३ मा उल्लेख भएअनुसार आगामी पाँच वर्षभित्र अर्थात् २०७८ सालसम्म उक्त रणनीतिमा समेटिएका विभिन्न वस्तु तथा सेवाको निर्यात गरी कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत योगदान गर्न सक्ने पुर्‍याउने लक्ष्य राखिएको छ। यस रणनीतिअनुसार सन् २०२१ सम्ममा अलैंचीको उत्पादन ६ हजार ५ सय टन उत्पादन गरी निर्यात बढाउने लक्ष्य राखिएको छ। भारतले अलैंचीको निर्यात गरेभन्दा हाल ५० प्रतिशत कम नेपालले निर्यात गरेकामा त्यसलाई बढाएर ७५ प्रतिशत पुर्‍याउने लक्ष्य रणनीतिमा उल्लेख छ। त्यस्तै अदुवाको उत्पादन नेपालले ७० प्रतिशत बढाउने लक्ष्य छ। चियाको उत्पादन २०७८ सम्ममा ४ हजार ५ सय टन पुर्‍याउने लक्ष्य छ। उक्त रणनीतिले जडीबुटी, फेब्रिक, धागो, छाला, जुत्ता, चप्पल, पश्मिना र गलैंचालाई पनि तुलनात्मक लाभका वस्तुका रुपमा लिँदै निर्यात र उत्पादन बढाउने लक्ष्य छ।

भारतबाट आ.व. सन् २००९/१० देखि २०१४/१५ सम्म क्रमश रु. २१४, २५९, ३२१, ३९७, ४८२ र ४७७ अर्बका सामान नेपालमा आयात भएको थियो। भारतसितको खुला सिमाना भएका कारणले पनि सामान लुकीचोरी निर्यात-आयात हुन्छ। यसले पनि नेपालको वैदेशिक व्यापारमा असर गरिराखेको छ। यसलाई पनि व्यवस्थित गरेमा नेपालमा वैदेशिक व्यापार व्यवस्थापन हुन जाने सम्भावना हुन्छ।

आ.व. २०७२/७३ मा आर्थिक वृद्धिदर शून्य दशमलव ७७ प्रतिशत भएको थियो। यो १४ वर्षयताकै न्यून भएको दखिन्छ। यसभन्दा अघि सन् २०५८/५९ मा आन्तरिक द्वन्द्वका कारण शून्य दशमलव १२ प्रतिशत आर्थिक वृद्धिदर रहेको थियो। तर २०७१/७२ मा २ दशमलव ३२ प्रतिशत आर्थिक वृद्धि भएको थियो। २०७०/७१ मा ५ दशमलव ७ प्रतिशत वृद्धि भएको थियो।

सरकारले खाद्यवस्तु उत्पादनमा जोड दिँदै आए पनि यी वस्तुका आयात बर्सेनि बढ्दै छ। आ.व. २०७२/७३ मा मात्र सबै प्रकारका खाद्यान्न गरी कुल रु. १ खर्ब ३४ अर्बको खाद्यवस्तु आयात भएको थियो। चामलको सट्टा गहुँका प्रकारका खाना प्रयोग नगर्दा बर्सेनि खाद्यान्न आयात बढेर गएको छ। नेपालमा आ.व. २०७२/७३ मा १७ लाख मे.टन गहुँ उत्पादन भयो भने २५ अर्बको चामल आयात भयो।

नेपालको कुल वैदेशिक व्यापार सुधारोन्मुखभन्दा पनि परनिर्भरतातिर उन्मुख हुँदै गएको छ। वार्षिकरुपमा आयातमा भएको वृद्धिले नेपालको कुल वैदेशिक व्यापारका अवस्थामा आयात वृद्धि हुँदै जाँदा निर्यात भने कम रफ्तारमा बढेको छ। नेपाली बजारमा दैनिक उपभोग्यदेखि विलासिताका सामानसम्म विदेशबाट आयात भइरहेका छन्। नेपालमा केही त्यस्ता उत्पादित वस्तुहरु छन्, जुन विश्वबजारमा निर्यात हुँदै आएका छन्। विश्वबजारमा स्थापित यस्ता नेपाली ब्रान्डका वस्तुहरुमा वाइवाई चाउचाउ, सूर्य चुरोट, चिया, नेपाली पश्मिना, शेर्पा गियर र मेड इन नेपाल, भोड्का, धारा तेल, ट्रान्सफर्मर, गोल्डस्टार जुत्ता, हिमालयाज स्प्रिङ वाटर, हस्तकला मुख्य छन्। सरकारले चिया, कफी, पश्मिनालगायतका सामूहिक व्यापार चिह्नमार्फत निर्यात प्रवर्द्धन गर्दै आएको छ भने गलैंचा, अलैंचीजस्ता अरु निकासी वस्तुहरुले सामूहिक व्यापार चिह्न प्राप्त गरी निकासी शुरु हुने अवस्थामा अगाडि बढ्दै छ।

नेपालमा थोरै-थोरै उत्पादन हुने स-साना उत्पादन एकाइहरु एकीकृत हुन नसक्दा बजारले खोजेको व्यावसायिक उत्पादन परिमाण पुग्न सकेको छैन र उत्पादनले उचित बजार मूल्य पाउन सकेको छैन। नेपालको भौगोलिक बनावटले पनि उत्पादित वस्तुहरुका ढुवानी खर्च बढाइरहेको पाइन्छ। यद्यपि नेपालमा औद्योगिकीकरणका निम्ति पर्याप्त स्रोतसाधन नभएका होइनन्। जापान, कोरिया, सिंगापुर, हङकङ, दुबई आदि देशले अन्यत्रबाट कच्चापदार्थ आयात गरेर भए पनि वस्तु व्यापार गर्दै आएका छन्। यी देशहरुले आफूसँग पर्याप्त स्रोतसाधन नहुँदा पनि औद्योगिकीकरण र व्यापारको क्षेत्रमा गरेको प्रगति अनुकरणीय देखिन्छ। आयात प्रतिस्थापनका धेरै महत्वपूर्ण उद्योगहरु नेपालमा सञ्चालनका लागि सम्भाव्यता छन् तर नेपालीपन हराउँदै गएको देख्न सकिन्छ। विगतमा नेपालको व्यावसायिक हिसाबले परिचय दिँदा नेपाल एउटा कृषिप्रधान देश गनिन्थ्यो। नेपालको राष्ट्रिय आयको र आत्मनिर्भरको बलियो आधार कृषि उत्पादन नै थियो। त्यसैले हरियो वन नेपालको धन भन्ने गरिन्थ्यो। अहिले यो सपनाजस्तो भएको छ।

आ.व. २०७३/७४ मा ३३ वटा देशहरुसँग १ अर्ब रुपियाँभन्दा बढी व्यापार घाटा देखिएको छ। यो वर्ष १ सय ६७ देशहरुसँग वैदेशिक व्यापार भएको छ। यसमध्ये निर्यातभन्दा आयात बढी भई व्यापार घाटा भएको देशको संख्या १ सय ३३ रहेको छ। व्यापार नाफा अर्थात् आयातभन्दा नेपाली वस्तुका निर्यात बढीको भएको देशको संख्या ३४ मात्र रहेको देखिन्छ। बर्सेनि निर्यात ६.३५ र व्यापार घाटा २९ प्रतिशतले बढेको अवस्थामा नेपालको व्यापार बचत आउन कति वर्ष लाग्ला ?

देशभित्र उत्पादन र उत्पादकत्व नबढेको तर विशेष गरी रेमिट्यान्सले उपभोग बढेको कारण २०७३/७४ मा व्यापार घाटा रु. ९ खर्ब बढी पुगेको थियो। यो वर्ष सबभन्दा व्यापार घाटा भारतसँग भएको छ। तसर्थ नेपालको निकासी पनि भारततिर बढी गर्नै पर्दछ। अब आयात प्रतिस्थापन र निर्यात बढाउने काम व्यवहारमा लागू गर्नै पर्दछ। २०७३/७४ देखि व्यापार घाटालाई रेमिट्यान्सले धान्न नसक्ने स्थिति देखिएको छ। यो भविष्यमा पनि कायम हुनेछ कि ?

आ.व. २०६९/७० देखि २०७३/७४ सम्मका पाँच वर्षमा पौने ३४ खर्बको व्यापार घाटा देशले बेहोरेको छ। सरकारी कार्यक्रम, नीति र रणनीति सफल नहुँदा व्यापार घाटा बढेको बढ्यै छ। तसर्थ खोजका विषयहरु धेरै हुन सक्छन्। किन बढिरहेको छ व्यापार घाटा ? निर्यात रु. १ खर्ब पनि पुग्दैन। कसरी बढाउने निर्यात ? निर्यातमा सुविधा छ तर उपयोग भएन। यसकारण बढिरहेको छ व्यापार घाटा। आयातका सामानको खपत बर्सेनि बढको छ तर यस्ता वस्तुका आन्तरिक उत्पादन वृद्धि निराशाजनक छ। उत्पादन लागत उच्च हुँदा नेपालको उत्पादन प्रतिस्पर्धा हुन सकको छैन। नेपालको निर्यातमा नगद अनुदान २ प्रतिशत मात्र छ। यो अन्य देशको तुलनामा अत्यन्त कम हो। नेपालमा गैरभन्सार अवरोध धेरै छन्। खासगरी भारतले नेपालका विभिन्न कृषि वस्तुलाई प्राविधिक पक्ष नहेरी भारतीय भन्सार अधिकारीको मुड हेरेर बेला-बेलामा नेपालको निर्यात रोक्ने गरेको देखिन्छ। नेपाललाई अमेरिकाले ७७ वस्तुमा दिएको शून्य भन्सारको सुविधा उपयोग हुन सकेको छैन। अमेरिकातर्फ नेपालको निर्यात खस्केको छ। नेपालका थुप्रै उत्पादन तथा वस्तुका सामूहिक चिह्न दर्ता हुन सकेको छैन। नेपालको विदेशस्थित कूटनीतिक नियोगले निर्यात प्रवर्द्धनमा भूमिका खेलेको देखिँदैन। भनिन्छ, नेपालका निर्यातमूलक उद्योगमा जनशक्ति र स्वदेशी कच्चा पदार्थको अभाव छ।

*(लेखक रेग्मी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुनुहुन्छ।)*

## पाठक पत्र

### रोकिएला त बेरोजगार ?

संसारका जुनसुकै देशलाई पनि सफलताको शिखरमा पुर्‍याउने तत्व युवा समूह नै हो। हाम्रो देशमा पनि यिनै युवा हुन्, जसले २००७ देखि २०३६ हुँदै २०४६, र २०६२-६३ को जनआन्दोलनको अग्रमोर्चामा उभिएर प्राणको आहूति दिए। तर विडम्बना भन्नुपर्छ, यिनै युवाले खोजेको एउटा सानो रोजगारी पनि राज्यले अझैसम्म प्रदान गर्न सकेको छैन।

वर्तमान अवस्थामा देशमा युवाहरु कुल जनसंख्याको झन्डै ४० प्रतिशत छन्। यो लगभग आधाजस्तै हो। तर पनि देशको दुर्भाग्यपूर्ण अवस्था रहेको हामीले देखेका छौं। न त राज्यले काम नै दिन सकिरहेको छ, न परदेशी जीवन बिताउनेलाई स्वदेश फर्काउने प्रयास नै गरेको छ। यसले के देखाएको छ भने, देश गरिबीको संघारमा फस्ने देखिएको छ। यसले राज्यलाई नोक्सानी हुन्छ र कालान्तरसम्म पनि एउटा स्लो पोइजनका रुपमा विकसित हुँदै जान्छ, जसको परिणाम अत्यन्तै पीडादायक हुन्छ।

२०६८ को जनगणनालाई हेर्दा हाम्रो देशमा १५ देखि ५९ वर्ष उमेर समूहका काम गर्न सक्ने मानिस झन्डै ५७ प्रतिशत छन्। तर, राज्यमा काम नपाएर खाडी मुलुकमा जानेको संख्या दिनहुँ १५ सयदेखि माथि छ। हजारौं विद्यार्थी उच्च शिक्षाको लागि विदेश जाने क्रम पनि दनानुदिन बढ्दो क्रममा छ। यसरी पढेका पनि विदेश अनि कामदार पनि विदेश जाने बढ्दो क्रमले देश दुर्घटनामा फस्न सक्ने प्रस्टै देखिएको छ। राज्यमा पर्याप्त मानव संशाधन हुँदाहुँदै पनि राज्यले उपभोग गर्न सकिरहेको छैन। आफ्नै देशभित्र बसेर जीवनयापन गर्न चाहिने सीपमूलक काम दिन पनि राज्य निरीह छ। एउटा डकर्मी/सिकर्मीको कामका लागि पनि छिमेकी मलुकबाट ल्याउनुपरेको सुन्दा मन नै खिन्न हुने गरेको छ।

राज्यले जनसंख्या नीति २०७१ जारी गरे पनि यसलाई कार्यान्वयन गर्न ढिलाइ गरिरहेको छ। यदि यही गतिले नेपाल अघि बढेको खण्डमा सन् २०३० सम्म बूढाबूढीहरु मात्रै भएको देशका रुपमा नेपालको नाम दर्ज हुने सम्भावना छ, जसलाई व्यवस्थापन गर्न राज्यलाई निकै चुनौती खेप्नुपर्ने देखिएको छ।

हाल नेपालमा ४० प्रतिशत परनिर्भर बालबालिका र वृद्धवृद्धालाई छाडेर ६० प्रतिशत काम गर्न सक्ने उमेर समूहका मानिस छन्। यति धेरै काम गर्न सक्ने मानिसको संख्याको उचित व्यवस्थापन गरी राज्यले आवश्यक लाभ लिनुपर्छ। होइन भने युवाशक्ति विदेशिने क्रम रोकिनेछैन। हरेक दिन अन्य मुलुक जाने र उतै घरजम गरेर बस्नेहरुको ताँती देख्दा मन कुँडिएर आउँछ। यो क्रमलाई रोक्न राज्य निरीह छ। राज्यले यो देखेर पनि नदेखेझैं गरी बसेको छ। यस्तो लाग्छ कि राज्यको कुनै उत्तरदायित्व नै छैन। यसमा पनि राज्यको ध्यान जाओस्।

*- निरजकुमार थापा, जोरपाटी, काठमाडौं*

### साँच्चै लोकतन्त्र आउनुपर्छ

प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्षतर्फको समानुपातिक मत परिणाम अन्तिम रुपमा छ। प्रत्यक्षमा नेकपा एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले दुई तिहाइ बहुमत प्राप्त गरेको छ। नेपाली कांग्रेसले झन्डै-झन्डै एमालेको हाराहारीमा समानुपातिक मत लिएको देखिन्छ। सबै हेर्दा वाम गठबन्धनको दुई तिहाइ आउने अवस्था देखिँदैन। वाम गठबन्धनको पूर्ण बहुमतको सरकार बने पनि दुई तिहाइ नपुग्ने भएकाले सबै दल राष्ट्रिय हितका पक्षमा लागेर नेपाललाई समृद्धको बाटोमा लैजान जरुरी छ। नेपालमा जनताले कम्युनिस्टलाई सत्ता सुम्पिन चाहेको अहिलेको मतले देखाएको छ।

अहिलेको आवश्यकता भनेकै सबै वाम एकै ठाउँ भएर एउटै पार्टी बनाउनु हो। विश्वमा एकपछि अर्को गर्दै कम्युनिस्ट सत्ता ढल्दै गइरहेको सन्दर्भमा नेपालमा जनताको मतबाटै कम्युनिस्टहरुले शासन सत्ताको बागडोर सम्हाल्ने अवसर प्राप्त हुनु वामपन्थीलाई नेपाली जनताले विश्वास गरेको कुरा हो। नेपाली जनतालाई विगत सात दशकदेखि मीठा-मीठा सपना देखाए पनि कसैले सिन्को भाँचेका छैनन्। अब बन्ने वामको सरकारले पनि केही गरेन भने त्यसलाई बढार्न पनि नेपाली जनता तयार छन्। तराई भूभागमा भारतले सीमा मिच्दा एक शब्द बोल्न नसक्ने, नाकाबन्दीमा मुखबन्दी गर्नेलाई पनि जनताले झापट दिएको यथार्थ हो यो।

नेताहरुलाई राष्ट्रियताको पाठ पढ्ने समय भएन। उनीहरुमा देशको माया जागेन। रातारात नेपालीको जमिन भारतीय भूमि बन्दा पनि त्यहाँका अबोध नेपालीहरुप्रति ममता भएन। उनीहरु रुँदै भारतीय बनेको दशा देखे। तर नेताहरुको बोली फुटेन, शिर झुक्यो। त्यस्तै सत्ता प्राप्तिका लागि लडाइँ लड्ने नेकपा माओवादी केन्द्र पनि शान्ति सम्झौताले शान्त भयो। राज्य सञ्चालन गर्न सत्ता पायो। यसैमा रमाइरहेको अवस्था देखियो।

राष्ट्रियताको नाराले मधेसले नेकपा एमालेलाई चिन्यो। स्थानीय निर्वाचनमा आफ्नो भावना देखायो। शक्ति प्रयोग गरेर यस दलका नेताहरुलाई गाउँ छिर्न दिइएको थिएन। तर तराईका भूभागमा स्वस्फूर्तरुपमा नागरिकहरुले नेकपा एमालेलाई मतदान गरेर राष्ट्रियता देखाए। आत्मीयता बढाए। यो व्यवहार मधेसीहरुको उदार भावना थियो। आत्मीयताको स्वरुप थियो। त्यसैले अब पनि देशमोह नभएको यदाकदा नेता भए सच्चिनु जरुरी छ। नत्र जनताले बढार्ने निश्चित भइसकेको छ। अब जनताले धेरै राष्ट्रियताका भाषणभन्दा पनि विकास चाहेका छन्। सबै जिल्लाका कुनाकन्दरामा विकासका पूर्वाधार चाहेका छन्। राष्ट्रिय राजनीतिमा हुने सत्ता र कुर्सीको खेल बन्द गर्न चाहेका छन्। नेपाली जनता सर्वेसर्वा हुन। अब जनताको लागि नेता नहुने र सत्ताको दुरुपयोग गरेर कुर्सी ताक्नेलाई जनताले छाड्नेवाला छैनन्। देशमा अब दलले घोषणापत्रमा उल्लेख गरेका विकास र अन्य कामको थालनी हुन जरुरी छ।

*- सुदर्शन थपलिया, काभ्रे*

### प्रदेश राजधानी भक्तपुर नै ठीक

चौडा सडक, खालि जमिन, सुरक्षित स्थान, यातायात सुविधा, सांस्कृतिक नगरी आदि विभिन्न कारणले प्रदेश नं. ३ को राजधानी भक्तपुरलाई बनाउनु धेरै उचित हुन्छ। भौतिक पूर्वाधारका हिसाबले पनि यो स्थान उपयोगी छ। जडीबुटीदेखि सूर्यविनायकसम्मको ६ लेनको सडक आसपास राजधानी राख्दा जहाँसुकैका मानिसलाई पनि आतेजाते गर्न सुविधा हुन्छ।

विशेष गरी सानोठिमीस्थित शिक्षासम्बन्धी कार्यालयहरु रहेका भवनमध्ये केही भवन खालि गराएर शुरुमा काम चलाउन सकिन्छ। अथवा त्यहींको सरकारी जमिन उपयोगमा ल्याउन पनि सकिन्छ। नपुगे नजिकका निजी घर भाडामा लिएर पनि काम चलाउन सकिन्छ। यहाँ राजधानी बनाउँदा पूर्वाधारका लागि ठूलो धनराशि खर्च गर्नुपर्दैन र सुरक्षित पनि हुन्छ।

यता थानकोटबाट भित्रने र उता धुलिखेलबाट भित्रने सेवाग्राहीलगायत जोसुकैलाई पनि यातायातका दृष्टिले भक्तपुर नै सहज हुन्छ। त्यसैले प्रदेशको राजधानी भक्तपुरलाई बनाउनेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु।

*- जीवराम खड्का, कोटेश्वर, काठमाडौं*

## सामाजिक सञ्जाल



सबभन्दा मन परेकोचाहिं चुनाव हार्नेले धाँधली भयो भन्दै रोएको सुनिएको छैन, आ-आफ्ना कोणबाट हारको समीक्षा गर्‍या छन्। राजनीति सुध्रिंदै छ है।

**Sama Thapa**
**@samathapa**



यो मतादेश राजनीतिक स्थिरताका लागि हो, विपक्षका रूपमा नेपाली कांग्रेस बलियो बन्नका लागि हो। हामी अभिभावकत्व लिऔं, बल युवाका हातमा दिऔं।

**Daman Nath Dhungana**
**@daman_nath**



प्रदेशको राजधानीका नाममा जग्गा दलालहरूको चलखेल शुरू भइसकेको छ।

**Matrika Poudel**
**@matrikas**

२०७४, मंसिर
शुक्रबार
२९

# नेपाल

सर्वोच्चको फैसलामा सिलवालले प्रहरी महानिरीक्षक (एआईजी) मा बढुवाका लागि बुझाएको विवरण त्रुटीपूर्ण र नक्कली रहेको ठहर गर्दै कारबाही गर्न आदेश दिएको छ। सिलवालले सरकारले प्रहरी महानिरीक्षकमा जयबहादुर चन्दलाई नियुक्त गर्ने निर्णय गरेपछि आफू वरिष्ठ भएको र आफूलाई महानिरीक्षक बनाइयोस् भन्दै सर्वोच्चमा रिट दायर गर्नुभएको थियो।



नागार्जुनमा रहेको हलचोकडाँडाबाट सूर्यास्त हेरेर रमाइलो गर्दै किशोरी। स्वयम्भु नजिकै नागार्जुनमा रहेको हलचोकडाँडाबाट सूर्यास्त र काठमाडौंको दृश्य हेर्न यस डाँडामा किशोरकिशोरीको भीड लग्ने गर्छ। *तस्वीर : अनिल आङ्देम्बे*

# निर्वाचनले विकास र समृद्धिको आकांक्षा जगायो : *ओली*

**नेपाल समाचारपत्र**
भक्तपुर



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले विभिन्न राजनीतिक परिवर्तनहरूले जनतामा नयाँ-नयाँ आकांक्षा जन्माउने बताउनुभएको छ। यसपालिको निर्वाचन पनि त्यस्तै एउटा परिवर्तन भएकाले यसले जनतामा विकास र समृद्धिको आकांक्षा जन्माएको बताउनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्षको ज्ञापनपत्र बुझ्दै अध्यक्ष ओलीले २०४६ सालको परिवर्तनपछि देशमा निजीकरणका नाममा भ्रष्टीकरण बढेको बताउनुभयो। 'निजीकरण र उदारीकरणका नाममा देशमा भएका ३८ वटा उद्योग कांग्रेसको पालामा बेचिए', ओलीले भन्नुभयो- 'जसले गर्दा स्वेदशमा भएको रोजगारीसमेत गुमेर आज लाखौं युवा खाडीमा पसिना बगाइरहेका छन्।' ओलीले आगामी सरकारले स्वदेशमै राम्रो पारिश्रमिकसहितको रोजगारीको व्यवस्थामा ध्यान दिने बताउनुभएको छ।

सम्पत्ति शुद्धीकरणका नाममा व्यवसायीलाई आफ्नो पुँजीलाई सहज ढंगले परिचालन गर्न रोक लगाएकोमा ओलीले बताउनुभयो। 'आफ्नै खाताबाट १० लाख रुपियाँभन्दा बढी रकम झिक्न बन्देज लगाएपछि लगानीको वातावरण कसरी बन्छ ?', ओलीको प्रश्न थियो- 'सरकारको काम लगानीमैत्री वातावरण बनाएर व्यावसायीसँग कर उठाउने हो तर अनावश्यक बखेडा झिकेर गैरकानुनी रकम आजर्न गर्ने होइन।'

अध्यक्ष ओलीले निजी क्षेत्रले विकास र समृद्धिका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्ने र सरकारले त्यसलाई सहज हुने गरी नीति बनाएर सहकार्य गर्ने बताउनुभयो।

महासंघका पूर्वअध्यक्षहरू महेशलाल प्रधान, पद्म ज्योति, प्रदीपकुमार श्रेष्ठ, रविभक्त श्रेष्ठ, विनोदबहादुर श्रेष्ठ, कुशकुमार जोशी, सुरज वैद्य र भाष्करराज कर्णिकारले संयुक्त हस्ताक्षर गरेर बुझाएको ज्ञापनपत्रमा देशको संक्रमणकाल अन्त्यका लागि प्रमुख विपक्षी दलका नेताको हैसियतमा ओलीले निर्वाह गरेको भूमिकाको उच्च प्रशंसा गरिएको छ।

ज्ञापनपत्रमा वाम गठबन्धनको दुई तिहाइ आसपासको बहुमतले देश अब स्थिरताको यात्रामा अघि बढेको महसुस भएको उल्लेख छ। ज्ञापनपत्रमा भनिएको छ- 'तपाईंको नेतृत्वमा गठन हुने आगामी सरकारले समृद्धि र आर्थिक विकासका लागि निजी क्षेत्रको सहभागितामूलक सहयोग र साथ रहने विश्वास दिलाउन चाहन्छौं।' ओलीले आगामी सरकार देश निर्माणका लागि निजी क्षेत्रसँग हातमालो गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

यसै गरी बालकोटमै अध्यक्ष ओलीलाई बधाई दिन आएको नेपाल राष्ट्रिय माडवारी परिषद् केन्द्रीय समितीसँग कुरा गर्दै ओलीले माडवारी समुदायले देशको आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ।

तर, यो समुदायलाई केही राजनीतिक दलले दुहुनो गाई बनाएको दृष्टान्त दिँदै वाम गठबन्धनका विरुद्ध विपक्षीले फैलाएका हल्लामा नलाग्न ओलीले परिषद्लाई आग्रह गर्नुभएको छ। सरकारसँग उद्योग, मजदुर, देशको आवश्यकता, उत्पादन आदि कुनै पनि क्षेत्रको यकिन तथ्यांक नभएकाले व्यावसायिक क्षेत्र अनुमानका भर सञ्चालन भइरहेको ओलीले स्पष्ट पार्नुभयो।

'नाडी छामेका भरमा रोगको शंका गरेर शंकाकै भरमा औषधि खुवाइँदै छ', ओलीले भन्नुभयो- 'अब यस्तो हुँदैन। उद्योग, मजदुर, उत्पादन, बजार आदि सबै क्षेत्रका खास समस्या पहिचान गरेर त्यसैअनुसार समाधान पनि खोजिनेछ।'

## सांसद सिलवाललाई कारबाही गर्न सर्वोच्चको आदेश

काठमाडौं, (नेस)। सर्वोच्च अदालतले पूर्वडीआईजी नवराज सिलवालले बुझाएको विवरण त्रुटीपूर्ण र नक्कली भएको ठहर गर्दै अनुसन्धान गरी कारबाही गर्न आदेश दिएको छ। बिहीबार प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीसहित न्यायाधीशहरू ओमप्रकाश मिश्र, केदारप्रसाद चालिसे, शारदाप्रसाद घिमिरे, मीरा खड्का, प्रकाशमानसिंह राउत र पुरुषोत्तम भण्डारीको इजलासले सिलवाललाई कारबाही गर्न आदेश दिएको हो।

फैसलामा सिलवालले प्रहरी महानिरीक्षक (एआईजी) मा बढुवाका लागि बुझाएको विवरण त्रुटीपूर्ण र नक्कली रहेको ठहर गर्दै कारबाही गर्न आदेश दिएको हो। प्रहरी महानिरीक्षकमा बढुवा प्रकरणका बारेमा फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्चले लोकसेवालगायतका निकायमा अति गोप्य रहने कार्यसम्पादन मूल्यांकन सिलवालले प्राप्त गर्नु अवैधानिक भएको भन्दै उहाँले अदालतमा केरमेट गरेर बुझाएको भन्दै अनुसन्धान गरी कारबाही गर्न आदेश दिएको हो।

सिलवालले सरकारले प्रहरी महानिरीक्षकमा जयबहादुर चन्दलाई नियुक्त गर्ने निर्णय गरेपछि आफू वरिष्ठ भएको र आफूलाई महानिरीक्षक बनाइयोस् भन्दै सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। सर्वोच्चले वरिष्ठताका आधारमा महानिरीक्षक नियुक्त गर्न अन्तरिक आदेश दिएपछि सरकारले वरिष्ठताका आधारमा महानिरीक्षक पदमा प्रकाश अर्याललाई महानिरीक्षक बनाएको थियो। प्रहरी सेवाबाट राजीनामा दिई सिलवाल नेकपा एमालेमा प्रवेश गरेर हालै सम्पन्न निर्वाचनमा उनी ललितपुर-१ बाट प्रतिनिधिसभामा सदस्य चुनिनुभएको छ।

गतवर्ष उच्च अदालतहरूमा नियुक्त भएका ८० जना न्यायाधीशको नियुक्ति विवादसम्बन्धी मुद्दाको सर्वोच्च अदालतमा अन्तिम सुनुवाइ जारी छ। सो मुद्दा न्यायाधीशत्रय ओमप्रकाश मिश्र, बमकुमार श्रेष्ठ र डम्बरबहादुर शाहीको पूर्ण इजलासको पहिलो नम्बरमा राखिएको सर्वोच्चले जनाएको छ। यसअघि मंसिर १४ गते सो मुद्दा हेर्न नभ्याउने भन्दै सारिएको थियो।

## भक्तपुर मालपोतमा आर्थिक अनियमितता बढ्दो

**पुष्कर बुढाथोकी, भक्तपुर**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भक्तपुर मालपोत कार्यालयका नायव सुब्बा देवराज काफ्लेलाई नियन्त्रणमा लिएको छ। पछिल्लो समय आर्थिक अनियमितताका गतिविधि मौलाउँदै गएको भक्तपुर मालपोतमा बिहीबार विशेष सुराकीको आधारमा अख्तियारले छापा मार्दा सेवाग्राहीबाट घूस लिइरहेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको अख्तियारले बताएको छ।

सूर्यविनायक नगरपालिका-९ स्थित नंखेलमा रहेको जग्गाको डोरपास गर्ने क्रममा सुब्बा काफ्लेले सेवाग्राहीबाट १ लाख रुपियाँ घूस लिइरहेको अवस्थामा अख्तियारको टोलीले रंगेहात पक्राउ गरी नियन्त्रणमा लिएको हो।

उक्त जग्गाको डोरपासका लागि तिर्नुपर्ने १५ हजार रुपियाँ सेवाग्राहीले तिरिसकेको भए पनि सुब्बा काफ्लेले १ लाख रुपियाँ घूस मागेको ती सेवाग्राहीले जानकारी दिएको अख्तियारले जनाएको छ। भक्तपुर मालपोतमा यसअघि पनि मालपोत प्रमुखसहितका कर्मचारी भ्रष्टाचारको अभियोगमा पक्राउ परिसकेका थिए।

पछिल्लो समय भक्तपुरमा जग्गाको कारोबार बढेसँगै मालपोतमा आर्थिक अनियमितता र भ्रष्टाचारका घटनाहरू महिनैपिच्छेजसो भइरहेका छन्। यसअघि पनि भक्तपुर मालपोतकै कार्यालय सहयोगीको मिलेमतोमा आर्थिक अनियमितता भएको थियो। यसअघि पनि भक्तपुरबाट दुई कर्मचारीसहित तीन जनालाई पक्राउ गरेको अख्तियारले जानकारी दिएको छ। यसअघि पक्राउ पर्नेमा मालपोत कार्यालय भक्तपुरका नायव सुब्बा ऋषिराम बुढाथोकी, कार्यालय सहयोगी केशबबहादुर खत्री र लेखापढी व्यवसायी विष्णुहरि न्हिसुतु रहेका थिए।

उनीहरूले मालपोत कार्यालयअगाडिको खाजा पसलमा सेवाग्राहीसँग ६ लाख १४ हजार रुपियाँ घूस लिएका थिए। बिहीबार दिउँसो अख्तियारले मालपोत कार्यालयका प्रमुख कमल तिमिल्सिना र महानगरीय प्रहरी वृत्त जगातीका प्रहरी नायव उपरीक्षक दीपक श्रेष्ठलगायतको रोहवरमा अख्तियारले नासु काफ्लेलाई नियन्त्रणमा लिएको हो।

## न्यायाधीशविरुद्धको सुनुवाइ पुस ६ मा

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले उच्च अदालतका ८० जना न्यायाधीशको नियुक्तिसम्बन्धी विवादको सुनुवाइ हेर्दा हेर्दै समय नभ्याइएपछि आगामी पुस ६ गते सुनुवाइको समय तोकेको छ। गतवर्ष उच्च अदालतहरूमा नियुक्त भएका न्यायाधीशको नियुक्ति विवादसम्बन्धी मुद्दाको सर्वोच्च अदालतमा अन्तिम सुनुवाइ हुने भनिएको थियो।

न्यायाधीश ओमप्रकाश मिश्र, बमकुमार श्रेष्ठ र डम्बरबहादुर शाहीको पूर्ण इजलासमा बिहीबार सुनुवाइका लागि समय नभ्याइएपछि हेर्दाहेर्दैमा राखिएको हो। यसअघि यही मंसिर १४ गते सुनुवाइ नसकिएका कारण बिहीबारका लागि निर्णय सुनाउने दिन तोकिएको थियो।

गतवर्ष पुस २९ गते राति उच्च अदालतका न्यायाधीशको नियुक्ति गर्दा प्रक्रिया नपुर्‍याई दलगत स्वार्थका आधारमा गरिएको जिकिर गर्दै सरकारी वकिल कार्यालयका नायव महान्यायाधिवक्ता दुर्गाबन्धु पोखरेल, अधिवक्ता डिलहरि शर्मा, प्रकाशकुमार काफ्ले, सुरेन्द्रप्रसाद यादव र तोयानाथ ढुंगानाले रिट निवेदन दायर गर्नुभएको थियो।

न्याय परिषद्का तत्कालीन दुई सदस्य वैद्यनाथ उपाध्याय र रामप्रसाद सिटौलाको अनुपस्थितिमै न्यायाधीशका लागि नाम सिफारिस भएको थियो।

तत्कालीन परिषद् अध्यक्ष प्रधानन्यायाधीश सुशीला कार्की तथा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयशंकर नायक र परिषद् सदस्य पदमप्रसाद वैदिकमात्र वैठकमा उपस्थित भएको हस्ताक्षर थियो।

## भारतीय नागरिकको कोठाबाट चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२५ ज्याठा डेरा गरी बस्ने भारत महाराजगन्ज घर भएका महमद असिमको कोठाबाट बिहीबार नगद १ लाख ६९ हजार रुपियाँ चोरी भएको छ।

यसै गरी काठमाडौं महानगरपालिका-३२ पेरिसडाँडा डेरा गरी बस्ने काभ्रे घर भएका उद्धवप्रसाद तिमिल्सेनाको कोठाबाट नगद २५ हजार रुपियाँसहित सुनको सिक्री र औंठी गरी करिब १ लाख ७ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

## जनप्रतिनिधिलाई जरिवाना हुने

काठमाडौं, (नेस)

आर्थिक वर्ष २०७३/०७४ को सम्पत्ति विवरण पेस गर्न निर्देशन दिएको छ। मन्त्रालयले पटक-पटक सम्पत्ति विवरण पेस गर्न जिल्ला समन्वय समिति तथा स्थानीय तहलाई परिपत्र गरे पनि स्थानीय तहका प्रतिनिधिले अटेर गरेको देखिएको छ।

सम्पत्ति विवरण नबुझाए भ्रष्टाचार निवारण ऐनबमोजिम ५ हजार रुपियाँसम्म जरिवाना गरिने स्थानीय विकास मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'कानुनतः सम्बन्धित स्थानीय तहमा जनप्रतिनिधिहरूले सम्पत्ति विवरण बुझाउनुपर्छ। बुझाएको जानकारी राष्ट्रिय सतर्कता केन्द्रलाई गराउनुपर्छ।'

गत असार २८ गते र कात्तिक २४ गते स्थानीय तहका प्रतिनिधिलाई सम्पत्ति विवरण पेस गर्न परिपत्र गरे पनि २० जिल्लाका आंशिकबाट मात्र विवरण राष्ट्रिय सतर्कता केन्द्रको वेबसाइटमा उल्लेख गराइएको थियो। मन्त्रालयले अबको ७ दिनभित्र विवरण दर्ता गराउन अनुरोध गरेको छ। ७ दिनभित्र विवरण नपठाए कानुनबमोजिम कारबाहीको प्रक्रिया अघि बढाइने स्थानीय विकास मन्त्रालयले स्पष्ट पारेको छ।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन प्राप्ति, कार्य सफल, पढाइ-लेखाइमा सफलता।
**वृष** : आर्थिक लाभ, खेलकुद, परीक्षा आदिमा सफलता, सुख-सन्तोष।
**मिथुन** : आर्थिक भार, काममा असफलता, खर्च वृद्धि, चिन्ता।
**कर्कट** : पेटमा समस्या, दौडधुप, पारिवारिक विवाद, हैरानी।
**सिंह** : आर्थिक लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, शुभ समाचार।
**कन्या** : धननाश, शारीरिक कष्ट, चिन्ता, खर्च वृद्धि, हुनेछ।
**तुला** : खाद्यान्न-धनसम्पत्ति प्राप्ति, कार्य सफल, उपहार प्राप्ति।
**वृश्चिक** : रोगको भय, विवाद, चोटपटकको सम्भावना छ।
**धनु** : आर्थिक लाभ, कसैबाट सहयोग, मिष्ठान्न भोजन प्राप्ति।
**मकर** : सुख-शान्ति, गरेका कार्य सफल, स्फूर्ति बढ्नेछ।
**कुम्भ** : राज्य एवं राजनीतिकर्मीबाट भय, इज्जत गुम्ने खतरा।
**मीन** : अस्वस्थता, गरिरहेको कार्यमा बाधा-व्यवधान, धनहानि।

# नेपाल

०७०को संविधानसभाको निर्वाचनमा समानुपातिकबाट सांसद बनेका साहले यसपटकको निर्वाचनमा ३ सय ३८ मत प्राप्त गरेका छन्। उनी मात्र हैन २०६४ सालमा भएको पहिलो संविधानसभाको निर्वाचनपछि सासंद बनेका बबन सिंहको यसपटकको निर्वाचनमा जमानत जफत भएको छ।

## समानुपातिकमा देशभक्त लोकतान्त्रिकको एक मत

मोतिराम तिमल्सिना, काभ्रे

प्रतिनिधिसभाका दुई वटै निर्वाचन क्षेत्र र प्रदेशसभाका चार वटै निर्वाचन क्षेत्रमा वामपन्थी गठबन्धनका उम्मेदवारहरूले विजय हासिल गरेका जिल्लामा दुवैतर्फको मत गणनामा समानुपातिकतर्फ नेकपा एमाले पहिलो भएको छ।

नेकपा एमालेले प्रतिनिधिसभातर्फ ५९ हजार ८१ मत प्राप्त गर्‍यो भने प्रदेशसभामा ५६ हजार ३ सय १४ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले ५८ हजार ६ सय ५० मत ल्याएर दोस्रो भयो। ५ सय ६९ मतले एमाले पहिलो भएको हो। प्रदेशसभामा भने एमाले १ हजार ६ सय ४२ मतान्तरको फरकमा पहिलो दल बन्यो। नेपाली कांग्रेसले प्रदेशसभामा ५४ हजार ६ सय ७२ मत प्राप्त गरेको छ। नेकपा माओवादी केन्द्रले प्रतिनिधिसभामा २९ हजार ८९ मत प्राप्त भएको छ भने प्रदेशसभामा २९ हजार १ सय २३ मत प्राप्त गरेको छ। विवेकशील साझा पार्टीको तराजु चिह्नमा ४ हजार ५ सय ५१ मत प्राप्त गरेको छ भने प्रदेशसभामा ४ हजार ६ सय ९ मत प्राप्त गरेको छ।

समानुपातिकको मत गणनामा देशभक्त लोकतान्त्रिक पार्टीले १ मत प्राप्त गरेको छ भने संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, युवा नेपाल पार्टी, नेपाल सुकुम्बासी पार्टी(लोकतान्त्रिक)ले २/२ मत प्राप्त गरे। नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादीले ३ मत, नेपाल दलित पार्टीले ४ मत, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च थरुहट, हाम्रो पार्टी र जनप्रजातान्त्रिक पार्टी नेपालले ५/५ मत प्राप्त गरे। त्यस्तै नेपाल समावेशी पार्टी, नेपाल युवा किसान पार्टी, नेपाल दर्शनले ६/६ मत प्राप्त गरे। बहुजन शक्ति पार्टी, देशभक्त समाजले ८/८ मत र मंगोल नेसनल अर्गनाईजेसन पार्टीले ८ सय ९९ मत र राष्ट्रिय यथार्थवादी पार्टी नेपालले १० मत प्राप्त गरेका छन्।

### बास्कोटा देशकै तेस्रो “पपुलर” सांसद

नेकपा एमाले काभ्रेका युवा नेता, केन्द्रीय स्कुल विभाग सदस्य, प्रदेशसभा सदस्य, पत्रकार, विश्लेषक गोकुल बास्कोटा प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट विजयी हुँदा देशकै तेस्रो पपुलर मत ल्याउने सांसदका रूपमा चिनिएका छन्। प्रखर वक्ता, स्पष्ट विचार र मिसन र भिजन भएका नेता बास्कोटालाई काभ्रेली जनताले अपार माया र सद्भाव व्यक्त गर्दै देशकै तेस्रो पपुलर मत ल्याउने सांसदका रूपमा विजयी गराए। बास्कोटाले ९९ हजार ३ सय २८ मत खसेकोमा ५४ हजार ४ सय २७ मत प्राप्त गरे।

मतान्तरमा समेत नेपालकै पाँचौ र प्रदेशसभा ३ को तेस्रो सांसदका रूपमा निर्वाचित बास्कोटाका प्रतिस्पर्धी नेपाली कांग्रेसका मधुप्रसाद आचार्यलाई १७ हजार ८ सय ४८ मतको फराकिलो मतान्तरले पराजित गरेका थिए। आचार्यले ३६ हजार ५ सय ७९ मत प्राप्त गरेका थिए। सोही क्षेत्रमा ४ हजार ९९ मत बदर भयो। सदर मत ९५ हजार २ सय २९ मा बास्कोटाले ४० हजार ८ सय २ मत मात्रै प्राप्त गर्न सकेनन्।

नेपालकै पहिलो पपुलर मत एमाले अध्यक्ष पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले ५७ हजार १ सय ३९ प्राप्त गरे भने दोस्रो पपुलर मत दोलखाका सासद पार्वत गुरुङले प्राप्त गरे। ५० हजारभन्दा धेरै ल्याउने नेताहरूमा बास्कोटा तेस्रो नम्बरमा परेका हुन्।

## समानुपातिकमा २७ प्रतिशत मत बदर

नेपाल समाचारपत्र
बाँके

समानुपातिकमा अधिक मत बदर भएका छन्। क्षेत्र नं. २ को प्रदेशसभा ‘क’ मा २७.७० प्रतिशत मत बदर भएको छ।

नेपालगन्ज उप-महानगरपालिकाका केही वडा र डुडुवा गाउँपालिका समेटिएको प्रदेशसभा ‘क’ मा ४० हजार २५ मतदाता थिए। त्यसमा ३० हजार ८ सय ५९ मत खसेको थियो। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार, ८ हजार ५ सय ५१ मत बदर भएको छ।

संघीय समाजवादी फोरमका विजयबहादुर यादव विजयी भएको यो प्रदेशमा समानुपातिकमा पनि फोरमलाई नै धेरै मत आएको छ। फोरमले ८ हजार ९ सय ३१ मत ल्याउँदा एमालेले ४ हजार ७ सय ९०, कांग्रेसले ४ हजार ३ सय १२, माओवादी केन्द्रले १ हजार ३ सय १२, राप्रपाले १ हजार १ सय ३१ मत ल्याएका छन्।

नेपालगन्ज बजार क्षेत्र समेटिएको प्रदेशसभा ‘ख’ मा पनि अधिक मत बदर भएका छन्। यहाँ १७.२५ प्रतिशत मत बदर भएको छ। ४० हजार ९ सय २२ मतदाता रहेको प्रदेशसभा ‘ख’ मा २८ हजार २ सय ५३ मत खसेको थियो। त्यसमा ४ हजार ८ सय ७५ मत बदर भएको छ। यो प्रदेशबाट कांग्रेसका सुरेन्द्र हमाल विजयी भएका छन्। समानुपातिकमा भने फोरमलाई धेरै मत आएको छ। फोरमले ६ हजार ५ सय ५६, कांग्रेसको ४ हजार ४ सय ५, एमालेको ३ हजार ८ सय ५६, माओवादी केन्द्रको १ हजार ५ सय ४९ र राप्रपाले ३ हजार ४ सय मत पाएका छन्।

क्षेत्र नं. २ को प्रतिनिधिसभामा भने अलि कम मत बदर भएको छ। यहाँ १५.५७ प्रतिशत मत बदर भएको छ। ८२ हजार ९ सय ४७ मतदाता रहेको क्षेत्र नं. २ मा ५९ हजार १ सय १२ मत खसेको थियो। त्यसमा ९ हजार २ सय ४ मत बदर भएको छ।

क्षेत्र नं. २ को प्रतिनिधिसभामा फोरमले १७ हजार ३ सय ७, एमालेले ९ हजार ८ सय ७७, कांग्रेसको ९ हजार ६ सय २२, राप्रपाको ४ हजार ७ सय २० र माओवादीको २ हजार ७ सय ६६ मत रहेको छ। यो क्षेत्रबाट फोरमका मो. इस्तियाक राइ विजयी भएका छन्।

बाँकेमा क्षेत्र नं. २ को प्रतिनिधिसभा र दुवै प्रदेशसभाको समानुपातिक मत गणना भइसकेको छ। अहिले क्षेत्र नं. १ र ३ को प्रतिनिधिसभा र प्रदेशसभाको मत गणना भइरहेको छ।

## समानुपातिकमा कांग्रेस पहिलो

नुवाकोट, (नेस)

नुवाकोटको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको समानुपातिकतर्फ भने नेपाली कांग्रेस पहिलो भएको छ। मंगलबार अबेर राति सम्पन्न मत गणनाअनुसार कांग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो र माओवादी केन्द्र तेस्रो दल भएका छन्।

प्रत्यक्षतर्फको सबै सिट गुमाएको कांग्रेसले समानुपातिकमा ४७ हजार २ सय ५५ मत ल्याएर समानुपातिकमा पहिलो भएको हो। यस्तै, एमालेले ३९ हजार ६ सय ९ मत ल्याएर दोस्रो र माओवादी केन्द्रले २७ हजार ८ सय ५० मत ल्याएर तेस्रो भएको छ।

प्रतिनिधिसभा क्षेत्र नं १ मा २३ हजार २ सय ९५ मतका साथ कांग्रेस पहिलो, १८ हजार ५ सय १२ मतसहित माओवादी केन्द्र दोस्रो र १४ हजार ३ सय ५३ मतसहित एमाले तेस्रो भएको छ। क्षेत्र १ को प्रदेशसभातर्फ प्रदेशसभा (क) मा कांग्रेसले १२ हजार २६, माओवादी केन्द्रले १० हजार ६ सय ४६ र एमालेले ५ हजार ३ सय ३२ मत ल्याएको छ। प्रदेश (ख) मा नेपाली कांग्रेसले ११ हजार २ सय ६९, एमालेले ८ हजार ७ सय ८३ र माओवादीले ७ हजार ८ सय ६६ मत ल्याएको छ।

यस्तै, प्रतिनिधिसभा क्षेत्र नं २ मा एमालेले २५ हजार २ सय ५६, कांग्रेसले २४ हजार १ सय ६०, माओवादीले ९ हजार ३ सय ३८ मत ल्याएको छ। क्षेत्र नं २ को प्रदेश (क) मा एमालेले १२ हजार २ सय २९, कांग्रेसले १० हजार ८ सय ७२ र माओवादी केन्द्रले ५ हजार १ सय ९ मत ल्याएको छ। यस्तै, प्रदेश (ख) मा कांग्रेसले ११ हजार ५ सय ६३, एमालेले १० हजार ७ सय २२ र माओवादीले ५ हजार २ सय ६२ मत ल्याएको क्षेत्र नं २ का निर्वाचन अधिकृत गोपाल लामिछानेले बताउनुभयो।

## पूर्वसांसदद्वयको जमानत जफत

रौतहट, (नेस)

नेपाली जनतादलका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्यका लागि रौतहटको निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार हरिचरण साहको जमानत जफत भएको छ। २०७०को संविधानसभाको निर्वाचनमा समानुपातिकबाट सांसद बनेका साहले यसपटकको निर्वाचनमा ३ सय ३८ मत प्राप्त गरेका छन्। उनी मात्र हैन २०६४ सालमा भएको पहिलो संविधानसभाको निर्वाचनपछि सासंद बनेका बबन सिंहको यसपटकको निर्वाचनमा जमानत जफत भएको छ।

साह र सिंह मात्र हैन रौतहटका १ सय ९८ जना उम्मेदवारको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ। रौतहटको निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेदवार बबन सिंहलाई मतदाताले नपत्याएपछि उनको जमानत जफत भएको हो। उनले १ हजार ६ सय ६९ मत प्राप्त गरेका थिए। २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा समेत उनको जमानत जफत भएको थियो । २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमा भने भूमिगत अवस्थामा उनले स्वतन्त्र उम्मेदवारीबाट निर्वाचनमा विजय हासिल गरेका थिए। त्यसैबेलादेखि उनी रौतहटमा चर्चित रहेका छन्। १० प्रतिशतभन्दा कम मत ल्याएका उनीहरूको जमानत जफत भएको हो।

रौतहटका चार प्रतिनिधिसभा र ८ प्रदेशसभाको निर्वाचन क्षेत्रका लागि २ सय ३५ जनाको उम्मेदवारी रौतहटमा परेको थियो। प्रतिनिधिसभाका चार वटै निर्वाचन क्षेत्रका ९२ जना उम्मेदवार चुनावी मैदानमा रहे पनि ८० जनाको जमानत ( धरौटी रकम ) जफत भएको छ भने प्रदेशसभाको ८ निर्वाचन क्षेत्रका लागि १ सय ४२ जनाको उम्मेदवारी रहे पनि १ सय १८ जना उम्मेदवारको जमानत जफत भएको छ। उनीहरूले १० प्रतिशत मत ल्याउन नसकेपछि जमानत जफत भएको हो। रौतहटमा नेपाली कांग्रेस, वाम गठबन्धनका एमाले र माओवादी केन्द्र, मधेसवादी दलको गठबन्धनका राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालका उम्मेदवारबाहेक सबैजसोको जमानत जफत भएको छ।

## दाङमा प्रत्यक्षतर्फ साढे २५ हजार मत बदर

नरेन्द्र केसी, घोराही, दाङ

प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा दाङमा साढे २५ हजार मत बदर भएको छ। प्रतिनिधिसभाको चुनावमा १३ हजार ७ सय १६ र प्रदेशसभातर्फको चुनावमा ११ हजार ९ सय ६९ गरी २५ हजार ६ सय ८५ मत बदर भएको हो।

दाङमा प्रतिनिधिसभाको चुनावमा खसेको २ लाख २९ हजार २ सय ८७ मतमध्ये २ लाख १५ हजार ५ सय ७५ मत सदर र १३ हजार ७ सय १६ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय दाङले जनाएको छ। बदर मत कुल खसेको मतको ५.९८ प्रतिशत हो। त्यस्तै, प्रदेशसभातर्फ २ लाख २९ हजार २ सय ८० मत खसेकोमा २ लाख १७ हजार ३ सय ११ मत सदर भएको निर्वाचन कार्यालयका प्रमुख विजयकुमार कार्कीले जानकारी दिनुभयो। प्रदेशसभातर्फ ११ हजार ९ सय ६९ मत बदर भएको हो। यो खसेको मतको ५.२२ प्रतिशत हो।

प्रतिनिधिसभा दाङ क्षेत्र नम्बर १ मा ७४ हजार ५ सय ८४ मत खसेकोमा ६.७१ प्रतिशत मत बदर भएको छ। यस क्षेत्रमा ६९ हजार ५ सय ८० मत सदर र ५ हजार ४ मत बदर भएको जनाइएको छ। क्षेत्र नम्बर २ मा ७३ हजार ७ सय ६९ मत खसेकोमा ५.८० मत बदर भएको छ। सो क्षेत्रमा ६९ हजार ४ सय ८५ मत सदर र ४ हजार २ सय ८४ मत बदर भएको छ।

क्षेत्र नम्बर ३ मा ८० हजार ९ सय ३४ मत खसेकोमा ५.४७ प्रतिशत मत बदर भएको छ। उक्त क्षेत्रमा ७६ हजार ५ सय ६ मत सदर र ४ हजार ४ सय २८ मत बदर भएको छ। प्रदेससभा तर्फ निर्वाचन क्षेत्र नम्बर १ को १ तर्फ ३८ हजार ५ सय १२ मत खसेकोमा ३५ हजार ८ सय १७ सदर र २ हजार ६ सय ९५ मत बदर भएको छ। निर्वाचन क्षेत्र नम्बर १ को २ तर्फ ३६ हजार ९५ मत खसेकोमा ३४ हजार २ सय ९४ सदर र १ हजार ८ सय १ मत बदर भएको छ।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ले, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं् नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं् मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ।गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

काठमाडौंको विद्यालयको होस्टलमा बसेर अध्ययन गर्ने उनीहरूलाई परिवारसँग अलग्गिएर बस्नुपर्दा हुने पीडालाई कम गराउन उक्त बालगृहको भ्रमण गराएको उनीहरूको बुबा लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजेश थापाले बताउनुभयो।




# छैटौं सन्तान जन्माउन खोज्दा मृत्यु

कुमार श्रेष्ठ, बाँके

गनापुरकी सोनापति कल्हरका पाँच सन्तान छन्। ढल्किँदो उमेर र स्वास्थ्य अवस्था नाजुक रहेकी सोनापति छैटौं पटक गर्भवती भइन्। सुत्केरी व्यथा लाग्यो। गनापुर स्वास्थ्य चौकीमा लगियो।

स्वास्थ्य चौकीकी इन्चार्ज आरती चौधरीले गर्भको ८ महिनामै अवस्था जटिल छ, राम्रो अस्पतालमा सुत्केरी गराउन लैजानु भनिसकेकी थिइन्। स्वास्थ्य चौकीमा लैजानेबित्तिकै भेरी अञ्चल अस्पताल, नेपालगन्जमा रिफर गरियो। परिवारले सोनापतिलाई भेरीबाट भगाएर फेरि गनापुरमा स्वास्थ्य चौकीमा ल्याए। त्यसको केही समयपछि उनको मृत्यु भयो।

४० वर्ष उमेर कटेकी सोनापति ३० किलोकी थिइन्। सुत्केरी व्यथा लाग्नुअघि तीन दिनदेखि ज्वरो आएको थियो। पुरानो टीबी रोग बल्झिएको थियो। बेलहरीकी २१ वर्षीया राधा गोडियाको गर्भवती अवस्थामा मृत्यु भयो। २० वर्ष नपुग्दा पहिलो सन्तान जन्माएकी गोडियाको श्वासप्रश्वासग्रस्त, रक्तअल्पता र पोषणको अवस्था अत्यन्त कमजोर थियो। गर्भ रहेको चौथो महिनामा उनको मृत्यु भयो। गनापुरकै अनिता चौहानको भेरी अञ्चल अस्पताल, नेपालगन्जमा सुत्केरी गराएर घर गएको १८ दिनमा मृत्यु भयो।

चौहानको मृत्यु के कारणले भन्ने पत्ता लागेको छैन। साविकका गनापुर र बेलहरी गाविस अहिले जानकी गाउँपालिकामा पर्छन्। चालु आर्थिक वर्षमा यो गाउँपालिकाबाट तीन जना गर्भवती/सुत्केरीको मृत्यु भइसकेको छ। जिल्लाभरमा ६ जनाको मृत्यु भएको छ। गनापुर स्वास्थ्य चौकीले साउनदेखि कात्तिकसम्ममा ७७ जनालाई सुत्केरी गराएको छ।

बाँकेमा पनि जानकी गाउँपालिका अग्रणी भएको छ। जानकी गाउँपालिकामा पाँच वटा स्वास्थ्य चौकी र एउटा उपस्वास्थ्य चौकी छन्। तीन वटा बर्थिङसेन्टर छन्। स्वास्थ्यको अवस्था नाजुक रहे पनि गाउँपालिकाले २६ करोडको बजेट बनाउँदा स्वास्थ्यमा ७१ लाखमात्रै छुट्याएको छ। १५ प्रतिशत बजेट छुट्याउनुपर्नेमा यो गाउँपालिकामा एक प्रतिशत बजेट छुट्याइएको छ।

सर्वव्यापी स्वास्थ्य कभरेज दिवसको अवसरमा गाउँपालिका आयोजना गरेको आधारभूत स्वास्थ्य सेवासम्बन्धी सरोकारवालासँगको अन्तरक्रियामा स्वास्थ्य चौकीमा कर्मचारी अभाव र पूर्वाधार निर्माणमा जोड दिन आग्रह गरिएको छ।

गाउँपालिकाका प्रमुख रामनिवास यादव, उपप्रमुख भूमिसरा धिताल, कार्यकारी अधिकृत पृथ्वीभक्त गिरी, स्वास्थ्यफाँट प्रमुख गिरबहादुर गुरुङले स्वास्थ्य अवस्था सुधारमा लागि परेको बताउनुभयो।

सेभ द चिल्ड्रेनका दीपेन्द्रसिंह ठकुरी, गाउँपालिकाका स्वास्थ्य फाँट सहसंयोजक दलबहादुर रानाले प्रजनन्, मातृ सेवा, नवशिशु सेवा प्रभावकारी, सर्ने/नसर्ने रोग कम गर्ने, स्वास्थ्य बिमा वृद्धि गर्ने, सरकारी सेवाबाट कोही पनि नछुटून् भन्नका लागि दिवस मनाएको बताउनुभयो। नेपालमा मातृ दर २०३० सम्ममा ७० मा मृत्युदर झार्ने दिगो विकासको लक्ष्य रहेको छ।

# जलेर महिलाको मृत्यु

इलाम, (नेस)

इलाम नगरपालिका-५, स्थित घलेटार छेउको एउटा घरमा बिहीबार बिहान करिब २ बजे आगलागी भएको छ। आगलागी हुँदा एक महिलाको जलेर मृत्यु भएको छ। स्थानीय भोविन्द्र नेपालीको घरमा आगलागी हुँदा उनकी पत्नी ३० वर्षीया पवित्राको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ। घरमा बालिरहेको टुकी बत्ती लडेर आगो सल्किएपछि भाग्नेक्रममा पवित्रा आगोले जलेर गम्भीर घाइते भएकी थिइन्।

उनलाई उपचारका लागि झापा लैजाने क्रममा बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ। एक तले टिनको छानो भएको घर पूर्णरूपमा जलेर नष्ट हुँदा अन्दाजी ३ लाख रुपियाँबराबरको क्षति भएको प्रहरीको अनुमानसमेत रहेको छ।

# ५ वर्षे कांग्रेस राजनीति जुम्लामा संकट

नन्दराम जैशी, जुम्ला

जुम्लामा भर्खरै सम्पन्न संघ र प्रदेशसभा निर्वाचनको मत परिणामले पूरै जुम्ला वाममय भएपछि जुम्ला कांग्रेसको ५ वर्षे राजनीति गुपचुपमा अघि बढ्ने आकलन गरिएको छ। दुई निर्वाचन क्षेत्र रहेको जुम्लामा संघ र प्रदेशसभा गरी तीनै तहमा भारी मत अन्तरले कांग्रेस पराजित भएपछि जुम्लामा कांग्रेसको ५ वर्षे राजनीति संकटमा परेको हो।

मंसिर १० मा सम्पन्न चुनावपश्चात् नेपाली कांग्रेसको जित हुने हल्ला चले पनि अन्नतः नतिजा उल्टिएपछि नेपाली कांग्रेस जुम्लाले हार व्यहोरेको हो। कांग्रेसको ५ वर्षे राजनीतिले अब कुन दिशा लिन्छ ? ५ वर्षको समय अवधिभर नेपाली कांग्रेसले जुम्लामा पार्टी बचाउन सक्ने वा नसक्ने भन्ने विश्लेषण पनि हुन थालेका छन्। वामहरूले कब्जा जमाएको जुम्ला जिल्लामा लोकतन्त्रवादी पार्टीहरूले अबको ५ वर्षे राजनीतिलाई कसरी बढाउने भन्नेबारे कांग्रेसले छलफल तथा बहस शुरू गरेको छ।

जुम्लामा कांग्रेसको ५ वर्षे राजनीतिलाई मजबुद बनाउने, नेपाली कांग्रेसभित्रको चाकरीवादको अन्त्य गर्ने, पार्टीका कमजोर पक्षलाई सुधार गर्ने र पार्टी सुदृढीकरणको कामलाई विशेष प्रथामिकता दिइनेलगायतका कार्यहरू ५ वर्षमा हुने नेपाली कांग्रेस प्रतिनिधिसभाका पराजित उम्मेदवार देवेन्द्रबहादुर शाहीले बताउनुभयो। अब चाकरीवादको अन्त्य गरी समाजवाद स्थापनाका साथ ५ वर्षपछि देशमा लाकतन्त्रवादी शक्ति उदाउने गरी अबको नेपाली कांग्रेसले बाटो तय गर्ने उहाँको भनाइ छ।

तर जुम्लामा अबको ५ वर्षभरि कांग्रेसले गुपचुपको राजनीति गर्नुबाहेक अरू विकल्प छैन। चुनावी महासंग्रामबाट पराजय भइसकेपछि जनताहरूको हितका लागि केही गर्छु भन्दा पनि विश्वास गर्ने वातावरण नरहेको चर्चा चलिरहेको बेला यता कांग्रेस नेताहरूले भने वामपन्थीहरूसँग अझै डटेर लड्ने बताएका छन्।

राणा हुँदै राजसंस्थासँग लड्दै आएको कांग्रेसले चुनावमा हार्दैमा गुपचुपको राजनीति कदापि नगर्ने नेपाली कांग्रेस प्रतिनिधिसभाका पराजित उम्मेदवार शाहीले बताउनुभयो। आफ्नो निजी निवासमा पत्रकार सम्मेलन गर्दै उहाँले भन्नुभयो- 'वाम गठबन्धनका कारण कांग्रेसको हार हुनु पहिलो चुनौती हो। तर कांग्रेस समाजवाद स्थापनाका लागि थाकेको छैन। अब पार्टी सुदृढीकरणको आवश्यकता छ।

# गल्छी-त्रिशूली सडक बन्द हुने

नुवाकोट, (नेस)

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको 'गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी' सडक आयोजनाको काम तीव्ररूपमा अघि बढाउन सवारी आवागमन नै बन्द गरिने भएको छ।

सडक योजनाको काम शुरू भएको एक वर्ष बितिसक्दा पनि अपेक्षित काम नभएपछि निर्धारित समयमा काम सम्पन्न गर्न सम्भव नहुने भन्दै आयोजनाले पुस १ गतेदेखि फागुन मसान्तसम्म बाटो बन्द गर्न निर्देशन दिएको हो। सडकमा यातायात सञ्चालन नै बन्द गरेर सडक विस्तारको कामलाई तीव्रता दिन लागिएको योजना प्रमुख सुबोधकुमार देवकोटाले जानकारी दिनुभयो ।

सडक निर्माणको कामलाई तीव्रता दिन पुस १ गतेबाट बिहानको ६ बजेदेखि ९ बजेसम्म र बिहानको ११ बजेदेखि अपराह्न ४ बजेसम्म सडकमा यातायात सञ्चालन पूर्णरूपमा बन्द गरी निर्माणको कामलाई तीव्र गतिमा अघि बढाउन लागिएको आयोजना प्रमुख देवकोटाले बताउनुभयो ।

# पारिवारिक बिछोडको पीडा कम गराउन बालगृहको भ्रमण

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा पारिवारिक बिछोडको पीडा कम गर्नका लागि विद्यालयस्तरमा पढ्ने बालिकालाई बालगृहको भ्रमण गराइएको छ। ललितपुरको हात्तीवनस्थित लिटल एन्जल्स बोर्डिङ स्कुलमा अध्ययन गर्दै आएका बेंसीशहर- २ भकुण्डेका अनुशा थापा र आयुश थापाले बेंसीशहरमा रहेको एक बालगृहको भ्रमण गरेका हुन्।

शैक्षिक भ्रमणलाई अतिरिक्त सिकाइ मानिन्छ। साना-ठूला कलेज तथा विद्यालयका विद्यार्थीहरू वार्षिकरूपमा शैक्षिक भ्रमणका निम्ति धेरै खर्च गरेर मुलुकभित्र वा बाहिर जाने गर्दछन्। तर बेंसीशहरका २ विद्यार्थी भने गाँउनजिकैको सदरमुकाममा शैक्षिक भ्रमण गरेका छन्।

अनुशा र आयुश क्रमशः कक्षा ११ र कक्षा ८ मा अध्ययन गर्दैछन्। विद्यालयबाट जाडोको छुट्टीमा आएको बेला समय सदुपयोग गर्दै बालगृह भ्रमणमा आएको उनीहरूले बताए।

काठमाडौंको विद्यालयको होस्टलमा बसेर अध्ययन गर्ने उनीहरूलाई परिवारसँग अलग्गिएर बस्नुपर्दा हुने पीडालाई कम गराउन उक्त बालगृहको भ्रमण गराएको उनीहरूको बुबा लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजेश थापाले बताउनुभयो। थापाले भन्नुभयो- 'उनीहरू केही समय हामीहरूसँग अलग्गिएर हास्टल बसेका छन् तर मैले उनीहरूलाई यो देखाएको छु कि जसको परिवार नै छैनन्, उनीहरू पनि पढिरहेका छन्।' उहाँले थप्नुभयो- 'छोरीहरूलाई केही ऊर्जा र प्रेरणा मिलोस् भनेर यो ठाउँ देखाउन ल्याएको हुँ।'

थापाले छोराछोरीको भ्रमणसँगै बालगृहमा केही खाद्यान्न पनि सहयोग गर्नुभएको थियो।

बालगृहमा बस्दै आएका बालबालिकाहरूको अवस्थाबारे अवलोकन गरिसकेपछि आफूहरूमा नयाँ उत्साह थपिएको कक्षा ११ अध्ययनरत अनुशाले बताईन। 'यहाँ हेरिसकेपछि मलाई नयाँ उत्साह थपिएको छ, म के का लागि होस्टल छु भन्ने कुरा बुझ्न सकेकी छु' -उनले भनिन्।

उनीहरूले आफ्नो परिवारको चाहानालाई बुझेर अध्ययनलाई प्राथमिकता दिने बताए।

# समानुपातिकतर्फ एमाले पहिलो

हेटौंडा, (नेस)

मंसिर २१ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको समानुपातिकतर्फको मतगणना सकिएको छ। बुधबार सम्पन्न मत परिणामअनुसार मकवानपुरमा नेकपा एमाले पहिलो भएको छ।

एमालेले प्रतिनिधिसभातर्फ क्षेत्र नम्बर-१ मा २८ हजार ८ सय ८४ तथा प्रतिनिधिसभा क्षेत्र नम्बर-२ मा ३० हजार ३ सय ७४ गरी ५९ हजार १ सय ५८ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ मा १६ हजार ८ सय २२ तथा क्षेत्र नम्बर-२ मा २४ हजार २ सय ६३ मत प्राप्त गरी जम्मा ४१ हजार ८५ मत प्राप्त गरेर दोस्रो भएको छ।

माओवादी केन्द्रले क्षेत्र नम्बर-१ मा १५ हजार १ सय ७१ मत तथा क्षेत्र नम्बर-२ मा १४ हजार १ सय ४ मत गरी २५ हजार ६ सय ४७ मत प्राप्त गरेको छ। चौथो भएको राप्रपाले क्षेत्र नम्बर-१ बाट १५ हजार १ सय ७१ मत तथा क्षेत्र नम्बर-२ बाट ६ हजार ९० मत गरी २१ हजार २ सय ६१ मत प्राप्त गरेको छ भने विवेकशील साझा पार्टीले दुवै क्षेत्र गरी ३ हजार ८ सय ५६ मत प्राप्त गरेको छ।

प्रदेशसभातर्फ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ को (क) मा एमालेले ११ हजार ७ सय १७ मत प्राप्त गरेको छ भने नेपाली कांग्रेसले ९ हजार १ सय ६४, माओवादी केन्द्रले ८ हजार ६ सय ९, राप्रपाले ६ हजार ७ सय ८३ तथा विवेकशीलले ५ सय १० मत प्राप्त गरेको छ। क्षेत्र (ख) बाट एमालेले १४ हजार ५ सय २६, कांग्रेसले ७ हजार २ सय ६३, राप्रपाले ७ हजार ६ सय ११, माओवादीले ४ हजार ३ सय ६२ तथा विवेकशीलले २ हजार ५ सय ४४ मत प्राप्त गरेका छन्।

प्रतिनिधिसभा क्षेत्र नम्बर-२ को प्रदेश (क) मा एमालेको १६ हजार १४ मत आउँदा कांग्रेसको ८ हजार ३ सय ४९ मत छ। माओवादी केन्द्रको ९ हजार ६ सय ४२ मत आएको छ भने राप्रपाको ३ हजार ८ सय ४४ र विवेकशीलको ७ सय ९६ मत आएको छ।

# अक्षयकोषलाई सहयोग

म्याग्दी, (नेस)

म्याग्दीको बेनी नगरपालिका-५ बगुवाखोलास्थित बालजागृति आधारभूत विद्यालयमा बौद्धिक अपांगता भएका विद्यार्थीहरूलाई लक्षित गरेर अक्षयकोष स्थापना गरिएको छ। विद्यालयको बौद्धिक अपांगता स्रोतकक्षामा अध्ययनरत बालबालिकाको सहयोगार्थ बेनपा-८ का विकास श्रेष्ठले श्रीमती सीताको स्मृतिमा अक्षयकोष स्थापना गर्नुभएको हो।

बुधबार विद्यालयमा आयोजित एक कार्यक्रमका श्रेष्ठ र उहाँका आफन्तहरूले विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्णबहादुर हमाल र प्रधानाध्यापक भक्त कार्कीलाई कोष स्थापनाका लागि १ लाख रुपियाँ नगद हस्तान्तरण गर्नुभयो। सो रकमको वार्षिक ब्याजबाट बौद्धिक अपांग विद्यार्थीहरूलाई दैनिक आवश्यक पर्ने शैक्षिक तथा पोसाकलगायतका सामग्री खरिदमा परिचालन गरिने बताइएको छ।

सो विद्यालयमा हाल २२ जना बौद्धिक अपांगता भएका विद्यार्थी अध्ययनरत छन्। बौद्धिक अपांगता स्रोतकक्षा सञ्चालन गर्न यसअघि मोना हङकङले ११ लाख उपलब्ध गराएको थियो भने बल-जमुना स्मृति अक्षयकोषको १ लाख र विद्यालय आफैंले पनि १ लाख ५० हजार रुपियाँ बजेट छुट्याएको छ।

# पोखरेललाई नेपालगन्जमा सम्मान

बाँके, (नेस)

नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं दाङ प्रदेशसभाबाट निर्वाचित विधायक शंकर पोखरेलले सरकारले अहिले गरिरहेको नियुक्तिहरू अनुचित भएको बताउनुभएको छ।

प्रेस चौतारी, बाँकेले बुधबार अपराह्न नेपालगन्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता पोखरेलले भविष्यसम्मलाई असर गर्ने गरी सरकारले गरेका नियुक्ति तत्काल रोक्न आग्रह गर्नुभयो। 'जनादेशविपरीत सरकारले अहिले विभिन्न नियुक्ति गरेर अनुचित काम गरिरहेको छ', नेता पोखरेलले भन्नुभयो- 'यो रोक्नुपर्छ।'

पाँच नम्बर प्रदेशको मुख्यमन्त्रीको चर्चामा रहेका नेता पोखरेललाई नेपालगन्जमा नेता तथा कार्यकर्ताले त्यही रूपमा स्वागत तथा सम्मान गरेका थिए। एक प्रश्नमा नेता पोखरेलले मुख्यमन्त्रीको लागि सभासदहरू जसले पनि दाबी गर्न पाउने भए पनि दलीय सहमति आफूसँग भइसकेको खुलासा गर्नुभयो। उहाँले दुई महिनाभित्र प्रादेशिक सरकार गठन हुने बताउनुभयो।

# हत्या अभियोगमा फरार १० वर्षपछि पक्राउ

बारा, (नेस)

हत्या अभियोगमा १० वर्षदेखि फरार रहेका एक अभियुक्तलाई बारा प्रहरीले बुधबार पक्राउ गरेको छ। प्रहरीले परवानीपुर गाउँपालिका वडा नं.१ बस्ने सकलदेव साह केशरीको हत्या अभियोगमा स्थानीय हरिचरण महतोका छोरा हुलास महतोलाई बुधबार आफ्नो गाउँघरमा लुकीछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। पक्राउ परेका महतोलाई आवश्यक कारबाहीका लागि बारा जिल्ला अदालतमा पेस गरी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ।

# १२ हजारभन्दा बढी मत बदर

डोटी, (नेस)

मंसिर २१ गते भएको प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा डोटीमा प्रत्यक्षतर्फ १२ हजारभन्दा बढी मत बदर भएको छ। प्रतिनिधिसभातर्फ ७९ हजार ७ सय ३३ मत खसेकामा सात हजार ४ सय १६ मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोटीले जनाएको छ। प्रदेशसभा 'क' मा ३६ हजार ९ सय ४९ मत खसेकामा ६ हजार ३ सय मत बदर भयो भने (ख) मा ३२ हजार २ सय मत खसेकामा ५ हजार २ सय ५५ मत बदर भएका छन्। समग्रमा प्रत्यक्षतर्फ प्रदेशसभा र प्रतिनिधिसभामा कुल खसेको मतमध्ये १२ दशमलव ९ प्रतिशत मत बदर भएको सहायक निर्वाचन अधिकृत नवराज जोशीले जानकारी दिनुभयो।

मतदाता शिक्षा प्रभावकारी नहुँदा बदर मतको संख्या बढेको हो। जिल्लामा १ सय ५७ मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिए पनि स्वयंसेवक नै मतदाता शिक्षाका विषयमा अलमल हुँदा बदर मतको संख्या बढेको स्थानीयवासी बताउँछन्। स्थानीय तहको निर्वाचनमा करिब ७ प्रतिशत मात्रै मत बदर भएको थियो। ७ नम्बर प्रदेशमा समानुपातिकतर्फ २० वटा दलले भाग लिएका र समानुपातिक मतपत्रमा ८८ दलका चिह्न भएका कारण मतदाता अलमलमा परी अन्यत्रै छाप लगाउँदा समानुपातिकको मत बढी बदर भएको बताइएको छ।

# विस्थापित शिक्षक दम्पतीलाई आर्थिक सहयोग

विनोदसिंह विष्ट, बैतडी

गाँउबाट विस्थापित शिवनाथ गाउँपालिका-६ कनालीका शिक्षक करन राना दम्पतीलाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आर्थिक सहयोग गरेको छ।

२०७३ माघ २८ गते स्थानीय गैरदलित समुदायकी छात्रालाई पाटन नगरपालिका- ६ का दलित केटासँग भाग्न सहयोग गरेको र छात्रामाथि दुर्व्यवहार गरेको भन्दै स्थानीयले ज्यान मार्ने धम्की दिन थालेपछि उनी २०७३ चैत्र १८ गतेदेखि गाउँबाट विस्तापित बनेका थिए।

शिक्षक राना पत्नी राजु राना र छोराछोरीसहित कहिले आफ्नो ससुराली डडेल्धुरामा त कहिले सदरमुकाममा बस्दै आएका छन्। २०७४ असोज ७ गते रानाको पुरानो घरको सामान नयाँ घरमा फाली सोही घरमा स्थानीयले आगजनी गरेको रानाको आरोप छ।

उक्त घटनाको इन्सेक नेतृत्वको मानवअधिकार रक्षकहरूको टोलीले सत्यतथ्य बुझेर आगलागीमा संलग्नलाई कारबाहीका लागि सम्बन्धित निकायलाई भनेपछि प्रहरीले आगो लगाएको आरोपमा स्थानीय ६ जना व्यक्ति र छात्रा पूजा चन्दलाई गिरफ्तार गरेको थियो। पीडित रानाले आफूहरूलाई गाउँबाट विस्तापित गरेपछि खान र बस्न समस्या भएको भन्दै सहयोगका लागि ०७४ कात्तिक १५ गते इन्सेक जिल्ला प्रतिनिधिमार्फत् क्षेत्रिय कार्यालयमा निवेदन दिएपछि रानालाई चेकमार्फत् १० हजार सहयोग गरिएको इन्सेक जिल्ला प्रतिनिधि नरी बडुले बताउनुभयो।



आगो लगाउने आरोपी ६ जनालाई जिल्ला अदालत बैतडीले प्रतिव्यक्ति ४० हजार धरौटीमा रिहा गरेको छ भने छात्रा पूजा चन्द पूर्पक्षका लागि जिल्ला कारागार कन्चनपुरमा थुनामा छन्। पूजाका अभिभावकले शिक्षक रानाले पूजालाई दुर्व्यवहार गर्नुका साथै ललाई फकाई अपरिचित केटासँग भगाएको आरोप लागउँदै आएका छन्।

# समानुपातिकमा कांग्रेस पहिलो पार्टी

डोटी, (नेस)

डोटीमा समानुपातिकतर्फको मत गणना सम्पन्न भएको छ। डोटीमा प्रतिनिधिसभातर्फ सबैभन्दा बढी नेपाली कांग्रेसले २८ हजार १ सय ४ मत प्राप्त गरी पहिलो पार्टी बनेको छ। यसै गरी नेकपा एमालेले २५ हजार ४ सय ८४, नेकपा माओवादी केन्द्रले ५ हजार २ सय ६९, राप्रपाले २ सय ८२ र विवेकशील साझा पार्टीले २ सय २५, राष्ट्रिय जनमोर्चा ९ सय ४२, नेपाल दलित पार्टी १३, नयाँ शक्ति २ सय १८ र संघीय समाजवादीले ३१ मत प्राप्त गरेको सहायक निर्वाचन अधिकृत नवराज जोशीले जानकारी दिनुभयो।

प्रतिनिधिसभाका लागि समानुपातिकतर्फ जम्मा ६९ हजार १ सय ४९ मत खसेकोमा ७ हजार ४ सय १६ मत बदर भएका छन्। यसरी हेर्दा प्रतिनिधिसभाका लागि समानुपातिकतर्फ १२ प्रतिशत मत बदर भएको सहायक निर्वाचन अधिकृत जोशीले जानकारी दिनुभयो। यस्तै प्रदेशसभा क्षेत्र नम्बर १ मा पनि नेपाली कांग्रेसले सबैभन्दा बढी मत प्राप्त गरेको छ। उसले १४ हजार ३ सय ९७ मत प्रापत गरेको छ। नेकपा एमालेले ११ हजार ८ सय ४७, नेकपा माओवादी केन्द्रले २ हजार ७ सय ९६, राप्रपाले गाई ३ सय १९, राप्रपा गोलाकारभित्रको हलो ३ सय ७, राष्ट्रिय जनमोर्चाले १ सय ५६ मत प्राप्त गरेको छ।

प्रदेशसभा क्षेत्र नं १ मा समानुपातिकतर्फ ३६ हजार ९ सय ४९ मत खसेकोमा ६ हजार ३ सय मत बदर भएको छ। यसै गरी प्रदेशसभा क्षेत्र नं. २ मा नेपाली कांग्रेसले सबैभन्दा बढी ११ हजार २ सय ९८ मत प्राप्त गरेको छ। नेकपा एमालेले ९ हजार ४ सय १९, माओवादी केन्द्रले ४ हजार ४ सय ८२, राप्रपा गाईले ९० हजार, राप्रपा गोलाकारभित्रको हलो २ सय १४, राष्ट्रिय जनमोर्चा १ हजार ४९, संघीय समाजवादीको ७ र विवेकशील साझा पार्टीले ५० मत प्राप्त गरेको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म : २००१/०८/०५

स्व. हरि बहादुर महर्जन

स्वर्गारोहण : २०७४/०८/१७

यस संस्थाका संचालक समितिका सदस्य श्री प्रेम महर्जनका पुजनीय पिता हरि बहादुर महर्जनको मिति २०७४ मंसिर १७ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।

मैत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार
गा:वहाल, ललितपुर

# विश्व

**मंगलयान**

नासाले सन् २००४ मा मंगलग्रहमा अवतरण गराएको मंगलयान अपर्च्युनिटी रोवर। ९० दिनको अभियानका लागि पठाइएको भए पनि अहिलेसम्म सञ्चालनमा रहेको उक्त रोवरले १३ वर्ष २ सय ३१ दिन पूरा गरेको छ।



**तयारी**

अन्तरिक्ष यात्रीको नमुना हात लिई नियाल्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प। राष्ट्रपति ट्रम्पको प्रशासनले ४५ वर्षपछि चन्द्रमामा पुनः मानव पठाउने संकेत दिएको छ। चन्द्र अभियानालाई मंगलग्रह यात्राको पूर्वाधार भएको ट्रम्पले बताए।



2017, DEC
Friday
15

## विश्व २ मिनेट

### बेलायत

#### विधेयक असफल

लन्डन, (एजेन्सी)

बेलायत सरकार संसद्बाट ब्रेग्जिट विधेयक पारित गर्न असफल भएको छ। प्रधानमन्त्री टेरिजा मेको सरकारका ११ सांसदले विद्रोह गरेपछि उक्त विधेयक संसद्मा गिरेको हो। ती सांसदहरूले मेलाई चुनौती दिँदै उक्त विधेयकको संशोधनको पक्षमा मत दिएका थिए। सरकार यसअघि उक्त विधेयकको संशोधनले युरोपेली संघ (ईयू)बाट बेलायत बाहिरिन बाधा उत्पन्न हुने बताएको थियो। विद्रोहीहरूलाई राहत दिने अन्तिम समयसम्मको प्रयासका बाबजुद ३ सय ९ सांसदले संशोधनको पक्षमा र ३ सय ५ ले विरोधमा मत दिएका थिए। सन् २०१९ सम्ममा ईयूबाट बेलायत बाहिरिन कुनै बाधा नहुने विरोधीले बताएका छन्।

### अमेरिका

#### सांसदद्वारा आत्महत्या

वासिङ्टन, (एजेन्सी)

फेसबुकमा अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामा र उनकी पत्नी मिसेल ओबामालाई बाँदरसँग तुलना गरी पोस्ट गेर्न रिपब्लिकन सांसदले बुधबार आत्महत्या गरेका छन्। केन्टकी राज्यबाट रिपब्लिकन सांसद रहेका डेन जोनसनमाथि एक किशारीले यौन शोषणको आरोप लगाएकी थिइन्। यस मामिलामा जाँच भइरहेको थियो। फ्रान्कफर्टबाट दक्षिणपश्चिम करिब ५५ माइलको दूरीमा रहेको एक पुलमा एउटा बन्दुकसँग जोन्सनको शव बरामद भएको थियो। उनीमाथि सन् २०१३ मा आफ्नै छोरीकी १७ वर्षीय साथीले यौन उत्पीडनको आरोप लगाएका थिए। उक्त आरोपका बाबजुद जोनसनले राजीनामा दिन अस्वीकार गर्दै आइरहेका थिए।

### म्यान्मार

#### नयाँ तथ्यांक

यांगुन, (एजेन्सी)

गत अगस्टमा म्यान्मारमा साम्प्रदायिक हिंसा भड्किएयता कम्तीमा ६ हजार ७ सय रोहिंग्या मुश्लिम मारिएको मेडेसिन्स सान्स फ्रन्टियर्स (एमएसएफ)ले जनाएको छ। बंगलादेशमा सरण लिएर बसेका रोहिंग्यामाथि गरिएको सर्भेक्षणबाट उक्त तथ्यांक निस्केको हो। म्यान्मार सरकारले भने ४ सय जना रोहिंग्या मात्र मारिएको बताएको थियो। एमएसएफले यस तथ्यांकले हिंसाले निकै चर्को रूप लिएको स्पष्ट पारेको जनाएको छ। म्यान्मारका सेनाले भने हिंसाको दोष आतंककारीहरूलाई दिँदै आफूले कुनै गलत कार्य नगरेको जनाएको छ। लाखौं रोहिंग्या बंगलादेश पलायन भएका थिए।

### कोलम्बिया

#### युद्धविराम घोषित

बोगोटा, (एजेन्सी)

कोलम्बियाको सबैभन्दा ठूलो आपराधिक समूहले राष्ट्रमा शान्ति स्थापना गर्ने उद्देश्यले एकपक्षीय युद्धविराम घोषणा गरेको छ। गल्फ क्लान उर्फ लोस उरावेनोस नामक सो समूहले १३ डिसेम्बरदेखि सेनामाथि कुनै पनि आक्रमण नगर्ने जनाएको छ। यस समूहका नाइकेले आफूले सरकारसमक्ष आत्मसमर्पण गर्ने बताएको तीन महिनापछि युद्धविरामको घोषणा भएको हो। प्रहरीले गल्फ क्लानजस्ता आपराधिक समूहहरू कोलम्बियाको सुरक्षाका लागि ठूलो खतरा रहेको बताउँदै आएको थियो। गल्फ क्लानको करिब १ हजार ५ सय सक्रिय सदस्य रहेको बताइन्छ।

# प्यालेस्टाइनलाई राष्ट्र र जेरूसलम त्यसको राजधानी बनाऊ : ओआईसी

इस्तानबुल, (एजेन्सी)

५७ मुस्लिम देशले अन्तर्राष्ट्रिय समुदायलाई प्यालेस्टिनी क्षेत्रलाई एक अलग राष्ट्रका रूपमा मान्यता दिन र जेरुसलमलाई त्यसको राजधानी मान्न आह्वान गरेका छन्।

अर्गनाइजेसन अफ इस्लामिक को-अपरेसन (ओआईसी)का ती मुस्लिम सदस्य राष्ट्रले एक विज्ञप्ति जारी गरी जेरुसलमलाई इजरायली राजधानी मान्ने अमेरिकी फैसला अमान्य भएको जनाएको छ।

अमेरिकाको उक्त फैसलाले अब मध्यपूर्वको शान्ति वार्ताबाट उसले हात झिकेको संकेत मिलेको ओआईसीले विज्ञप्तिमा उल्लेख गरेको छ। ट्रम्पको फैसला र आईओसीको उक्त घोषणाले मध्यपूर्वमा प्यालेस्टाइन-इजरायल संकट जटिलतातर्फ धकेलिएको अनुमान गरिएको छ। विज्ञप्तिमा ओआईसीमा संलग्न ५७ देशका लागि अमेरिकाको एकतर्फी फैसला कानुनीरूपमा अमान्य रहेको र त्यसलाई प्यालेस्टाइनी



नागरिकको अधिकारमाथि हमलाका रूपमा लिनुपर्ने उल्लेख गरिएको छ।

यसअघि प्यालेस्टाइनी राष्ट्रपति महमुद अब्बासले पनि यस मामिलामा संयुक्त राष्ट्र संघ नै अगाडि आउनुपर्ने बताएका थिए। ट्रम्पको घोषणापछि जेरुसलमको दर्जालाई लिएर इस्तानबुलमा भइरहेको ओआईसीको एक शिखर सम्मेलनमा सम्बोधन गर्दै महमुद अब्बासले भने- 'अमेरिका इजरायलको पक्ष लिन्छ, त्यसैले उसको यस मामिलामा मध्यस्थता स्वीकार गर्न सकिँदैन।' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उनको फैसला वास्तविकता स्वीकार गर्ने एक प्रयास भएको बताएका थिए। यसको उद्देश्य शान्ति सम्झौतामा कसैको पक्ष लिनु नभएको बताएका थिए।

जेरुसलम विशेष गरी पूर्वी जेरुसलम यहुदी, मुस्लिम र इसाई धर्मको पवित्र धार्मिकस्थल हो। यो शुरूमा जोर्डनको अधीनमा थियो तर सन् १९६७ मा भएको मध्यपूर्व युद्धमा इजरायलले यसमाथि कब्जा गरेको थियो। इजरायलले त्यतिबेलादेखि सम्पूर्ण जेरुसलमलाई आफ्नो अखण्ड राजधानी भएको दाबी गर्दै आइरहेको छ।

त्यसैगरी प्यालेस्टिनी नेताहरूले पूर्वी जेरुसलम उनीहरूको भावी राष्ट्र प्यालेस्टाइनको राजधानी हुने दाबी गर्दै आइरहेका छन्। यस मामिलामा कुनै पनि फैसला शान्ति वार्ताको चरणमा लिनुपर्ने बताएका छन्।

# गुजरात विधानसभाको एग्जिट पोलमा भाजपालाई बहुमत



नयाँदिल्ली, (एजेन्सी)

भारतको बहुप्रतिक्षित गुजरात विधानसभा चुनावको दाेस्रो चरणको मतदान समाप्त भएपछि एग्जिट पोलको नतिजा आएका छन्। एनबीटी सी भोटर चुनावी नतिजा पूर्वानुमानले २२ वर्षदेखि प्रान्तीय सत्तामा रहेका भाजपालाई पुनः एकपटक ५ वर्षका लागि बहुमत हासिल हुन सक्ने देखाएको छ।

१ सय ८२ सिट रहेका गुजरात विधानसभा चुनावमा भाजपालाई १ सय ८ सिटसहितको बहुमत प्राप्त हुने देखिएको छ। चुनावमा कडा प्रतिस्पर्धामा उत्रेका कंग्रेसले सिट संख्यामा सुधार गर्दै ७४ सिटमा सन्तुष्ट हुनुपर्ने देखिएको छ। यसअघि कंग्रेससँग गुजरात विधानसभामा ६१ सिट थियो।

प्रधानमन्त्री नरेन्द्र मोदीको गृहराज्य गुजरातको चुनावलाई केन्द्रमा उनको सरकारको परीक्षणका रूपमा लिइएको छ। इन्डिया टुडेको एग्जिट पोलले गुजरात विधानसभामा ९९ देखि १ सय १३ सिट भाजपाको पोल्टामा पर्ने अनुमान गरेको छ। त्यसैगरी कंग्रेसलाई ६८ देखि ८२ सिट हासिल हुने अपेक्षा गरिएको छ।

त्यसैगरी हिमाचल प्रदेशको विधानसभामा पनि भाजपालाई एकतर्फी जित हासिल हुने अनुमान गरिएको छ। ६८ सिट रहेको यस विधासभाका लागि भएको चुनावमा प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी भाजपालाई ४७ देखि ५५ सिट हासिल हुने एक्जिट पोलले देखाएको छ। त्यसैगरी कंग्रेसलाई १३ देखि २० सिटमा सिमित हुनुपर्ने अनुमान गरिएको छ।

# ६ वर्षको बालकको करोडौंको प्रतिभा

न्युयोर्क, (एजेन्सी)

एकजना ६ वर्षीय बच्चाले कति कमाउन सक्छ? यति कम उमेरमा उसले काम त गर्न पाउँछ? तर भरखरका रेयान हरेक हप्ता युट्युबमा खेलौनाको समीक्षा लिएर आउँछन् र त्यसबाट उनका आमाबुबाले प्रशस्त पैसा कमाइरहेका छन्।

रेयानले गत वर्ष मात्रै १ करोड १० लाख डलर कमाएका थिए। युट्युबमा रेयानको भिडियो करौंले हेर्छन्। ६ वर्षका बच्चा रेयान टवायजरिब्यु नामको एक युट्युब च्यानल नै चलाउँछन्। यो युट्युब च्यानलको माध्यमबाट रेयान आफ्ना दर्शकलाई खेलौनाको जगतमा लिएर जान्छन्।

फोर्ब्स अखबारले उनलाई सन् २०१७ विश्वको सबैभन्दा धेरै आम्दानी गर्ने सेलिब्रिटीको सूचीमा राखेको छ। सन् २०१५ मा शुरू गरेको रेयानको ट्वायजरिब्युका भिडियोलाई अहिलेसम्म १६ अर्बभन्दा धेरैले हेरिसकेका छन्। यति धेरै ख्याति कमाइसकेको भए पनि रेयानका बारेमा विश्वलाई धेरै जानकारी छैन।

उनको पूरा नाम के हो, ऊ कहाँ बस्छ, जस्ता प्रश्नको जवाफ कमैलाई मात्र थाहा छ। ऊ एक अमेरिकी हो भन्ने मात्र थाहा छ।

हालैमात्र वासिङ्गटन पोस्टलाई दिएको एक अन्तर्वार्तामा रेयानका आमाले भनिन्- 'युट्युब च्यानलको विचार त्यतिबेला आएको थियो, जुन बेला रेयान ३ वर्षका थिए। रेयान सानो उमेरदेखि नै खेलौनाको समीक्षा भएका टीभी च्यानल्स धेरै हेर्ने गर्थे।'

रेयानकी आमाले आफ्नो परिचय उल्लेख नगर्ने सर्तमा भनिन्- 'एक दिन रेयानले मलाई अरू बच्चाजस्तै ऊ युट्युबमा किन आउँदैन भन्ने प्रश्न गरे। त्यतिबेला हामीले त्यो गर्न सक्छौं भन्ने बताएका थियौं। हामी खेलौना पसलमा गयौं। एउटा लिगो ट्रेन किन्यौं र त्यहींबाट यसको शुरुआत भयो।'

रेयानको एउटा भिडियो ८० करोडभन्दा धेरैले हेरे। सन् २०१५ मार्चमा शुरू भएको उनको युट्युब च्यानलले वर्ष अन्त्य हुनुअगाडि सन् २०१६ जनवरीसम्ममा १० लाखभन्दा धेरै सब्स्क्राइबर्स पाइसकेका थिए। अहिले रेयानको च्यानलले १ करोडभन्दा धेरै सब्सक्राइबर पाइसकेको छ।



# उत्तर कोरियामा वरिष्ठ जनरललाई मृत्युदण्ड दिइएको आशंका



प्योङयाङ, (एजेन्सी)

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनका एकजना प्रमुख सहयोगी सार्वजनिक जीवनबाट बेपत्ता भएका छन्। फलतः उनलाई मृत्युदण्ड दिइएको हुनुपर्ने अनुमान गरिएको छ। कुनै समय जनरल ह्वाङ प्योङ सो वर्कर्स पार्टीको केन्द्रीय समितिमा किमको भित्री समूहमा पर्ने गर्दथे।

भाइस मार्सल भएको नाताले पनि सेनामा समेत सुप्रिम कमान्डर किमपछि उनी सेनाको सबैभन्दा वरिष्ठ पदमा रहेका थिए। किमका मनपर्ने चार व्यक्तिमध्ये एक रहिरहन असफल हुनु अघिसम्म गत सेप्टेम्बरमा छैठौं आणविक परीक्षण गरिँदा ह्वाङ किमसँग उभिने चार व्यक्तिमध्ये रहेका थिए।

तर त्यसबेलादेखि उनलाई घूस खाएको आरोपमा पार्टीबाट निष्कासन गरिएको तथा उनी र उनका सहायक किम वोन होङलाई कारगार शिविरमा चलान गरिएको विश्वास गरिएको छ। १३ अक्टोबरदेखि ह्वाङलाई कुनै पनि सार्वजनिक स्थानमा भेटिएको छैन।

दक्षिण कोरियाली जूंगआंग वोलेजनएको छ- 'यदि ह्वाङलाई पार्टीबाटै निष्कासन गरिएको हो भने उनको राजनीतिक जीवन र सम्भवतः जीवनकै अन्त्य भएको मानिनुपर्दछ। तर उनी जीवितै छन् वा छैनन् भन्ने पनि यकिन हुन सकेको छैन।'

नोभेम्बरमा दक्षिण कोरियाको गुप्तचर निकायले संसदीय ब्रिफिङ गर्ने क्रममा पहिलो पटक उनको मृत्यु भएको खबर सुनाइएको थियो। गुप्तचर प्रतिवेदनमा शासकप्रतिको अपवित्र झुकाव राखेको आशंकामा सेनाको पोलिटब्युरोले ह्वाङ र उनका सहायक किममाथि कडा निगरानी राख्दै आएको उल्लेख गरिएको छ।

ती दुवैले अन्यलाई पदोन्नति गरिदिने भन्दै घूस खाएको बुझिएपछि नेता किम जोङले अन्यलाई चेतावनी दिनलाई भए पनि तिनीहरूलाई कडा कारबाही गरिने बताएको दक्षिण कोरियाको एक सूत्रले जूंगआंग बोलाई जानकारी दिएको छ। यसअघि सन् २०१३ को नोभेम्बरमा गिरफ्तार गरिएका किम जोङका फुपाजु जाङ सोङ-थायकलाई पनि मृत्युदण्ड दिइएको थियो।

# यमनको हवाई हमलामा तीस मारिए



साना, (एजेन्सी)

यमनको राजधानी सानास्थित लडाकूहरूको सैनिक प्रहरी शिविरमा साउदी नेतृत्वमा रहेको गठबन्धन फौजले हवाई आक्रमण गर्दा कम्तीमा ३० जना व्यक्ति मारिएको बुधबार सुरक्षा सूत्रले जनाएको छ।

मारिनेमध्ये अधिकांश सो शिविरमा रहेको कारगारमा थुनिएकाहरू रहेको बताइएको छ। त्यहाँका एकजना गार्डले शुरूको आक्रमणमा कारागारको एउटा भाग ध्वस्त भएको तथा त्यसैबेला कैदीहरू भाग्ने प्रयास गरेको बताएका छन्।

त्यसपछि दोस्रो हवाई आक्रमणमा झन्डै सम्पूर्ण भवन नै ध्वस्त भएको बताइएको छ। यस गठबन्धन फौजले हौथी लडाकूको आन्दोलन दबाउन यमन सरकारलाई सहयोग गर्दै आइरहेको छ।

संयुक्त राष्ट्र संघका अनुसार सन् २०१५ मा यमनमा गठबन्धन फौजले हस्तक्षेप शुरू गरेयता ८ हजार ६ सय ७० जनाको मृत्यु हुनुका साथै अन्य ४९ हजार ९ सय ६० जना घाइते भइसकेको जनाएको छ। लडाइँ र नाकाबन्दीको कारण यमनमा अहिले २ करोड ७० हजार व्यक्तिलाई मानवीय राहत सहयोगको जरुरी रहेको बताइएको छ।

साथै गत अप्रिलयता त्यहाँ फैलिएको हैजाको कारण २ हजार २ सय १९ जनाको मृत्यु भइसकेको छ। सानाको पूर्वीभागमा रहेको उक्त शिविरमा मंगलबार बिहान सबेरैदेखि आक्रमण भएको थियो।

# रोबर्ट मुगावे सिंगापुर अस्पतालमा

सिंगापुर, (एजेन्सी)

जिम्बावेका पूर्वराष्ट्रपति रोबर्ट मुगावे सम्भवतः स्वास्थ परीक्षणको उद्देश्यले सिंगापुरको एउटा अस्पतालमा पुगेका छन्। सिंगापुरको सरकारी सूत्रले गत महिना सेनाद्वारा अपदस्थ गरिएयता यो मुगावेको पहिलो विदेश भ्रमण भएको बिहीबार जनाएको छ।

लगातार ३७ वर्षसम्म दक्षिण अफ्रिकी राष्ट्र जिम्बावेको सत्ता चलाएका ९३ वर्षीय मुगावेले सेना र आफ्नै सत्तारूढ जेएएनयू-पीएफ पार्टीले विरोध गरेपछि पदबाट राजीनामा दिएका थिए। उनले त्यसअघि उपराष्ट्रपति इमर्सन नान्गावालाई अपदस्थ गरी आफ्नी ५२ वर्षीया पत्नी ग्रेसलाई आफ्नो उत्तराधिकारी बनाउन खोजेका थिए।

जिम्बावेको एकजना सरकारी सुरक्षा अधिकारीले सोमबार साँझ आफ्नी पत्नी र सहयोगीहरूसहित मुगावे राजधानी हरारेबाट प्रस्थान गरेको जानकारी दिएका छन्। उनको मलेसियामा पनि पुग्ने कार्यक्रम रहेको बताइएको छ। त्यहाँ उनकी छोरी बच्चा पाउने अवस्थामा रहेकी छिन्।

एयर जिम्बावेको उडानबाट मुगावे मंगलबार सिगापुर पुगेका थिए। बुधबार उनी सिंगापुरको एउटा निजी अस्पतालमा पुगेका थिए। तर अस्पतालका प्रवक्ताले भने मुगावे त्यहाँ आएको पुष्टि गर्न अस्वीकार गरेका छन्।

कामपा नक्सा महाशाखा प्रमुख रामबहादुर थापाले भन्नुभयो- 'डिजिटल नक्सा बनेपछि नक्साको इजाजत दिने र नक्साको विवरण पेस गर्ने इन्जिनियरको नाम रहनेछ। घरधनीले पास गरेको नक्साको हस्ताक्षर हेर्न फाइल डाउनलोड गर्नुपर्नेछ।'

## क्लब सञ्चालकसहित ७ विरुद्ध ठगी मुद्दा

काठमाडौं, (नेस)

चर्चित डीजे मार्समेलोलाई ल्याउने भन्दै टिकट विक्री गर्ने काठमाडौंको दरबारमार्गस्थित डेजाभू नाइट क्लबका सञ्चालकसहित ७ जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा क्लबका सञ्चालक जयन श्रेष्ठ, मयंक खड्का, विशाल डाँगी, मिलन श्रेष्ठ, पृथु बास्कोटा, डिजाइनर राजीव महर्जन र क्लबका रितेश माडवाडी छन्। क्लबका सञ्चालकमध्येका बास्कोटा पूर्वराष्ट्रिय क्रिकेटर खेलाडी हुन्।

उनीहरूलाई प्रहरीको महानगरीय अपराध महाशाखाले पक्राउ गरेको हो। पूर्वनिर्धारित कार्यक्रमअनुसार मार्समेलो क्लबमा उपस्थित नभएपछि गए राति डेजाभू क्लबमा तोडफोडसमेत भएको थियो। तोडफोडबाट क्लबमा क्षति पुगेको छ। मार्समेलोलाई ल्याउने भन्दै उनीहरूले ७ हजार जनालाई टिकट विक्री गरेको महाशाखाका प्रमुख दिवेश लोहोनीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। पक्राउ परेका सबैलाई ठगी मुद्दा लगाइने महाशाखाका प्रमुख लोहोनीले बताउनुभयो।

मार्समेलो आउने भनी प्रतिव्यक्ति ४ हजार रुपियाँसम्म लिएर आयोजकले हजारौं दर्शकलाई टिकट बेचेका थिए। तर, राति अबेरसम्म पनि डीजे मार्समेलो क्लबमा देखिएनन्। राति १ बजेतिर मात्र आयोजकले स्वास्थ्यका कारण उनी नआउने जानकारी दिएपछि आक्रोशित दर्शकले क्लबमा तोडफोड गरेका थिए।

## सीके राउत रिहा

काठमाडौं, (नेस)

दोस्रो चरणको प्रतिनिधि र प्रदेशसभाको मतदानका दिन पक्राउ परेका स्वतन्त्र मधेस गठबन्धनका संयोजक डा. सीके राउत रिहा भएका छन्। उच्च अदालत जनकपुरले डा. राउतलाई रिहाको आदेश दिएको हो। निर्वाचन कसुरअन्तर्गत धनुषा प्रहरीले उनलाई पक्राउ गरेको थियो। अदालतले कसुरको प्रमाण नभेटिएको भन्दै थुनामुक्त गर्न आदेश गरेको हो।

# आजदेखि महानगरमा डिजिटल नक्सा

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगर क्षेत्रमा घर निर्माण गर्नेले अब डिजिटल नक्सा पाउने भएका छन्। महानगर स्थापना भएको २२ वर्षपछि महानगरपालिकाले हस्तलिखित नक्सा विस्थापन गर्न लागेको हो। अब महानगरपालिकामा नक्सा निर्माण गर्ने इन्जिनियरले पनि डिजिटल नक्सा पेस गर्नुपर्ने भएको छ।

२३औं महानगर दिवसको उपलक्ष्यमा महानगरले डिजिटल नक्सा पास शुभारम्भ गर्न लागेको हो। आज शुक्रबार आयोजना हुन लागिएको विशेष समारोहमा महानगरले इन्जिनियरलाई पासवर्डको साँचो उपलब्ध गराउने भएको छ। कामपा नक्सा महाशाखा प्रमुख रामबहादुर थापाले अब नक्सा पास गर्दा कामपाका नक्सा प्रमुख र इन्जिनियरले डिजिटल हस्ताक्षर गर्नुपर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'डिजिटल नक्सा बनेपछि नक्साको इजाजत दिने र नक्साको विवरण पेस गर्ने इन्जिनियरको नाम रहनेछ। घरधनीले पास गरेको नक्साको हस्ताक्षर हेर्न फाइल डाउनलोड गर्नुपर्नेछ।'

कामपाका मेयर विद्यासुन्दर शाक्यले आजबाट महानगरमा जिडिटल नक्साको शुरुआत गर्न लागिएको जानकारी दिनुभयो। नक्सा पास प्रणालीप्रति विश्वास घट्दै गएपछि कामपाले डिजिटल नक्सा पास प्रणाली शुरू गरेको हो। मेयर शाक्यले काम शुरू गरेपछि केही दिनभित्र पूर्ण कार्यान्वयनमा आउने जानकारी दिनुभयो। कामपाले पुराना करिब १ लाख १३ हजार नक्सालाई डिजिटल गरिसकेको छ। तर यो वर्षदेखि नक्सापास प्रक्रिया नै डिजिटल प्रणालीबाट शुरू गर्न लागेको हो।

कामपाले आजैबाट कामपाका केही वडालाई फ्री वाइफाइ जोनका रूपमा विकास गर्ने भएको छ। अधिकांश प्रणाली डिजिटल भएपछि नगरबासीलाई काममा सहज गर्न फ्री वाइफाइको शुरुआत गर्न लागेको हो। मेयर शाक्यले महानगर विकासका लागि थप कार्यक्रम घोषणा गर्ने योजना रहेको जानकारी दिनुभयो। उहाँले क्लिन द सिटी अभियानलाई निरन्तरता दिने, बाटो विस्तार कार्यक्रमलाई थप प्रभावकारी बनाउने, कला संस्कृतिको विकासका लागि नयाँ कार्यक्रम घोषणा गर्ने तयारी गरेको बताउनुभयो।

### २३औं महानगर दिवस

उत्कृष्ट करदाता, लामो समयसम्म काम गर्ने कर्मचारीलाई दीर्घसेवा पदकबाट सम्मान गर्नेलगायतका कार्यक्रम रहेको जानकारी गराउँदै कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले नयाँ योजनाका साथ कार्यक्रम आयोजना गर्न लागिएको बताउनुभयो।

यसै गरी महानगर स्थापनाको अवसरमा कामपाले बिहीबार राजधानीका ११ स्थानको सडकको धुलो संकलन गरेको छ। मेयर, उपमेयर, वडा अध्यक्ष र कर्मचारीको सहभागितामा धुलो र फोहोर संकलन गरिएको थियो। कामपा वातावरण व्यवस्थापन विभाग प्रमुख हरि कुँवरले ११ स्थानबाट ५९ टन सडकको धुलो संकलन गरिएको जानकारी दिनुभयो।

शहीदगेट, वसन्तपुर, असनचोक, रत्नपार्क, गौशाला, नारायणचौर, नयाँ बानेश्वर चोक, नारायणगोपाल चोक, पुरानो बसपार्क, क्षेत्रपाटी चोक र परोपकार पुलपारि क्षेत्रबाट उक्त परिमाणमा धुलो संकललन गरेको हो। महानगर दिवसको अवसरमा आज शुक्रबार वसन्तपुरबाट झाँकीसहित ज्याली गरी राष्ट्रिय सभागृहमा विशेष कार्यक्रम आयोजना गरिने कार्यक्रम रहेको छ। कार्यक्रममा उत्कृष्ट करदाता सम्मान, सफाइ अभियन्ता सम्मान, उत्कृष्ट कर्मचारी सम्मानलगायतका सम्मान कार्यक्रम गरिने भएको छ।

काठमाडौं महानगरले यसअघि प्रमुखको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहेको उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यसहित ४३ सदस्यीय मूल समारोह समिति गठन गरेको थियो। १९७६ पुस २ गते सफाइ अड्डाको रूपमा स्थापित काठमाडौं नगरपालिकालाई विसं २०५२ साल मंसिर २९ गते महानगरपालिका घोषणा गरिएको थियो।

### मिलेमतोमा...

ठेक्का भंग भएपछि वन्तलगायत हालका एआईजी केसी, अर्याल र ज्ञवालीसहितको टोलीले कानुनबमोजिम जान ठेकेदार मिश्रलाई सल्लाह दिएका थिए। ठेकेदार मिश्रले जिल्ला अदालतमा मुद्दा दायर गरेकामा जिल्ला अदालतले मिश्रको दाबी नपुग्ने भन्दै मुद्दा खारेज गरिदिएको थियो।

जिल्ला अदालतले मुद्दा हराइदिएपछि मिश्र पुनः उच्च अदालत पाटन पुगेका थिए। उच्च अदालतले जिल्ला अदालत काठमाडौंको मुद्दालाई उल्ट्याई मिश्रलाई जिताइदिएपछि सशस्त्र प्रहरी बलले मिश्रविरुद्ध सर्वोच्च अदालतमा गत कात्तिक २१ गते मुद्दा दायर गरेको थियो। सो बलको गत कात्तिकको पहिलो साता सशस्त्र प्रहरी महानिरीक्षकसहित वरिष्ठ अधिकारी सम्मिलित बैठक बसेर सर्वोच्चमा मुद्दा दायर गर्ने निर्णय गर्न खोजे पनि एआईजी केसीसहितका केही वरिष्ठ अधिकृतले मुद्दामा जान नहुने भन्दै आपत्ति जनाएका थिए।

